# बालसुधार गृह, कारागार तथा हिरासत अनुगमन निरिक्षण प्रतिवेदन

## आ.व. २०८२/०८३




# मुख्य न्यायाधिवक्ताको कार्यालय

## कोशी प्रदेश

## विराटनगर, नेपाल

# बालसुधार गृह, कारागार तथा हिरासत

# अनुगमन निरिक्षण

# प्रतिवेदन

## २०८२/०८३

मुख्य न्यायाधिवक्ताको कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल

# मुख्य न्यायाधिवक्ताको कार्यालय

## कोशी प्रदेश, विराटनगर

प.सं.:- २०८२/०८३

च.नं. मिति:

## मन्तव्य

मानव अधिकारको संरक्षण, कानुनी शासनको पालना र न्यायमा समान पहुँचको प्रत्याभूति लोकतान्त्रिक शासन व्यवस्थाका आधारस्तम्भ हुन् । आपराधिक न्याय प्रणालीभित्र नियन्त्रण वा थुनामा रहेका व्यक्तिहरू, कारागारमा रहेका कैदीबन्दीहरू तथा बालसुधार गृहमा रहेका कानुनको विवादमा परेका बालबालिकाको आधारभूत मानव अधिकारको रक्षा गर्नु राज्यको प्राथमिक सवैधानिक दायित्व हो। यसै सवैधानिक एवं कानुनी मर्मलाई दृष्टिगत गरी मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशद्वारा सम्पन्न "कारागार, हिरासत तथा बालसुधार गृहको वस्तुस्थिति अनुगमन, निरीक्षण तथा मूल्यांकन प्रतिवेदन, २०८३" नेपाल सरकार तथा कोशी प्रदेश सरकारसमक्ष पेस गर्न पाउँदा हर्ष विभोर छौँ।

नेपालको सविधान तथा प्रचलित कानुनी व्यवस्थाले थुना तथा हिरासतमा रहेका व्यक्तिहरूका अधिकारलाई मौलिक हकका रूपमा उच्च प्राथमिकता दिएको छ। संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २० ले सुनिश्चित गरेको स्वच्छ सुनुवाइ तथा निःशुल्क कानुनी सहायताको अधिकार, धारा २२ ले यातना विरुद्ध दिएको ग्यारेन्टी, तथा धारा ३९ ले कानुनको विवादमा परेका बालबालिकाका लागि बाल न्यायको सिद्धान्तअनुरूप बालसुधार गृहमा पुनःस्थापना र सुधारको व्यवस्था तोकेको छ। साथै, धारा १६० बमोजिम मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारका रूपमा कानुनी शासनको अभिवृद्धि र न्याय सम्बन्धी विषयमा परामर्श एवं सिफारिस गर्ने स्पष्ट क्षेत्राधिकार प्राप्त छ। यी सवैधानिक प्रावधानका अतिरिक्त कारागार ऐन, २०७९, बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ का साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights),नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र ( ICCPR), यातना विरुद्धको महासन्धि (CAT), बालबालिकाको अधिकार सम्बन्धी महासन्धि (CRC) र नेल्सन मण्डेला नियमहरू ( Nelson Mandela Rules) ले थुनुवा, कानुनको विवादमा परेका बालबालिका तथा कैदीबन्दीको अधिकार संरक्षणका लागि ठोस आधार प्रदान गरेका छन्।

प्रस्तुत प्रतिवेदनमा कोशी प्रदेशभित्रका १४ वटै जिल्लाको कारागार, प्रहरी हिरासत र बालसुधार गृहहरूको भौतिक अवस्था, क्षमता ( capacity), स्वास्थ्य एवं पोषणको स्थिति, मनोसामाजिक परामर्श, र निःशुल्क कानुनी सहायताको पहुँच सम्बन्धी सूक्ष्म अध्ययन र अनुगमन समेटिएको छ। दण्डहीनताको अन्त्य गर्दै परम्परागत दण्डात्मक न्याय (Retributive Justice) बाट आधुनिक सुधारात्मक तथा पुनःस्थापनात्मक न्याय (Rehabilitative & Restorative Justice) तर्फको रूपान्तरण आजको अपरिहार्य आवश्यकता बनेको छ। तसर्थ, कारागारहरूलाई यातना गृहको रूपमा नभई वास्तविक सुधार गृह र सीप विकास केन्द्रका रूपमा रूपान्तरण गर्न कानुनी कार्यान्वयन तथा संरचनागत सुधार अविलम्ब थाल्नुपर्ने निष्कर्ष यस अध्ययनले निकालेको छ।

यस प्रतिवेदनमार्फत कारागार, हिरासत तथा बालसुधार गृहमा रहेको अत्यधिक चाप नियन्त्रण गर्न भौतिक पूर्वाधारको विस्तार एवं खुला कारागारको अवधारणालाई पूर्ण कार्यान्वयनमा ल्याउन, बाल-मैत्री वातावरणमा शिक्षा, स्वास्थ्य र मनोसामाजिक परामर्शको निरन्तर व्यवस्था गर्न, तथा संविधानप्रदत्त यातना विरुद्धको हक र निःशुल्क कानुनी सहायताको पहुँच सुनिश्चित गर्न सिफारिस गरिएको छ। यस अनुगमन तथा प्रतिवेदन तयारीको क्रममा सहयोग पुऱ्याउनुहुने जिल्ला प्रहरी कार्यालयहरु, जिल्ला कारागार कार्यालयहरु , सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू, बालसुधार गृहका व्यवस्थापकहरू, सरोकारवाला निकायहरु साथै प्रतिवेदन लेखनमा संलग्न सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यो प्रतिवेदन नेपाल सरकार, कोशी प्रदेश सरकार तथा सरोकारवाला निकायहरुको लागि नीतिगत, कानुनी र व्यावहारिक सुधारका कदमहरू चाल्न एक महत्त्वपूर्ण मार्गदर्शन बन्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।

..............................

मा.श्री नारायण वस्ती

(मुख्य न्यायाधिवक्ता)

मुख्य न्यायाधिवक्ताको कार्यालय

कोशी प्रदेश, बिराटनगर

# विषयसुची

**विषय** **पृष्ट संख्या**


| | |
|---|---|
| १.१ परिचय | १ |
| १.२ भुमिका | २ |
| १.३ अनुगमन/निरिक्षणका उद्देश्यहरू: | २ |
| १.४ अनुगमन / निरिक्षण टोलीको कार्यादेश | २ |
| १.५ अनुगमन/निरिक्षणको समयावधि | ३ |
| १.६ अनुगमन/निरिक्षणको विधि | ३ |
| **परिच्छेदः दुई** | |
| २.१ हिरासत तथा कारागार अनुगमनका सूचक र अनुगमनको विवरण | ३ |
| २.२ संकलित तथ्यांक तथा विश्लेषण | ५ |
| **परिच्छेद तिन:** | |
| ३.१ सकारात्मक पक्षहरू | ५४ |
| ३.२ कारागार एवं हिरासत कक्षका समस्याहरू: | ५५ |
| ३.३ सुझावहरू: | ५६ |
| ३.४ निष्कर्ष | ६० |
| **अनुसूचीहरु** | |
| अनुसूची-१ | ६२ |
| अनुसूची-२ | ६८ |

परिच्छेद: एक

प्रारम्भिक

## १.१ परिचय

नेपालको संविधानले नागरिकको व्यक्तिगत स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार र विधिको शासनको अवधारणाप्रति प्रतिबद्धता ब्यक्त गर्दै थुनुवा, कैदीहरू र कानूनको विवादमा परेका बालकहरूको न्याय सम्बन्धी अधिकार र यातना बिरुद्धको हकको प्रत्याभूत गरेको छ। संविधानले हिरासतमा रहेका व्यक्तिहरूलाई समेत मौलिक हकहरूको प्रत्याभूति प्रदान गर्दै विशेषतः यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार, पक्राउको कारणबारे जानकारी पाउने हक, कानूनी प्रतिनिधित्व, निष्पक्ष सुनुवाइ, निर्दोषिताको अनुमान तथा निःशुल्क कानूनी सहायता जस्ता प्रक्रियागत न्यायका आधारभूत तत्त्वहरू र कानूनको विवादमा परेका बालकहरूको लागी विशेष कानूनी व्यवस्था र कानूनी प्रक्रियाको सुनिश्चित गर्दछ । गैरकानूनी थुनाबाट संरक्षण, सक्षम निकायसमक्ष समयमै उपस्थित गराईनुपर्ने दायित्व तथा बन्दीप्रत्यक्षीकरण जस्ता उपचारात्मक संयन्त्रहरुद्वारा व्यक्तिगत स्वतन्त्रताको प्रभावकारी सुरक्षा प्रदान गरेको पाईन्छ।

संवैधानिक प्रावधान र नेपाल राष्ट्र पक्ष भएका मानव अधिकार सम्बन्धी साथै बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजद्वारा गरिएको संरक्षणको साथसाथै कारागार सम्बन्धी ऐन र नियमावलीद्वारा थुनुवा तथा कैदीहरूको न्यूनतम जीवनस्तर सुनिश्चित गर्दै आहार, आवास, स्वास्थ्य सेवा, सरसफाइ तथा सुरक्षित वातावरणको व्यवस्था सहित महिला, बालबालिका, जेष्ठ नागरिक र आश्रीत बालबालिकाको विशेष संरक्षण, शिक्षा तथा सीपमूलक तालिम मार्फत सुधारात्मक न्याय र पुनर्स्थापनामा जोड दिइएको छ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन र नियमावलीले कानूनको विवादमा परेका बालबालिकाहरूको हकहित सुनिश्चित गरेको पाईन्छ। यद्यपि, अत्याधिक भीडभाड, स्रोतसाधनको अभाव तथा कार्यान्वयनपक्षको कमजोरी जस्ता चुनौतीहरूले कानुनी व्यवस्थाको पूर्ण प्रभावकारितामा अवरोध पुर्‍याइरहेको अवस्था छ । त्यसैले प्रभावकारी कार्यान्वयन, संस्थागत सुदृढीकरण तथा जवाफदेहिताको प्रवर्द्धनमार्फत मात्र बन्दी तथा कैदीहरूको साथै कानूनको विवादमा परेका बालबालिकाको अधिकारको वास्तविक प्रत्याभूति सुनिश्चित गर्न सकिन्छ ।

प्रस्तुत विषयमा नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधी संहिता, कारागार ऐन, बालवालिका सम्बन्धी ऐन, प्रचलित कानून तथा मानव अधिकारसम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुसार कारागारमा रहेका कैदीबन्दीहरूको कानूनी अधिकार, जीवनयापन अवस्था, स्वास्थ्य, सुरक्षा, कानूनी सहायता तथा कारागार र हिरासत व्यवस्थापन अवस्थाको स्थलगत रूपमा निरीक्षण तथा अनुगमन गर्नु, बालसुधार गृहको अनुगमन निरिक्षण गर्नु यस कार्यालय समेतको दायित्व एवं जिम्मेवारी रहेकाले यस कार्यालयको चालु आ. व. २०८२/०८३ मा मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य, अधिकार र सेवाका शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ को दफा ४ को देहाय खण्ड (ङ), कारागार ऐन २०७९ को दफा ४२(१), महान्यायाधिवक्ताको कार्यालयको पत्र संख्या २०८२/०८३, चलानी नं १३२९, मिति २०८२/०९/२४ गतेको पत्रको आधारमा कोशी प्रदेशका १४ वटै जिल्लाका सदरमुकामका हिरासत, बालसुधार गृह र कारागारको अनुगमन निरिक्षण पश्चात उल्लिखित कार्यालयहरूको

अनुगमन तथा निरिक्षण गर्दा देखिएका वास्तविक अवस्था र समस्या एवं ती समस्याहरूको समाधानको उपायहरू पहिचान गरी सुझावसहित प्रस्तुत प्रतिवेदन तयार पारिएको छ।

## १.२ भुमिका

नेपालको संविधानको धारा १५८ वमोजिम महान्यायाधिवक्ताको काम, कर्तव्य तथा अधिकारसम्बन्धी व्यवस्था गर्दै धारा १५८ को उपधारा (६) को खण्ड (ग) मा महान्यायाधिवक्तालाई नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार तथा मुख्य अभियोजकका रूपमा हिरासतमा रहेका व्यक्तिहरूमाथि मानवोचित व्यवहार भए/नभएको सम्बन्धमा अनुगमन, निरीक्षण तथा छानबिन गर्न सक्ने संवैधानिक अधिकार एवं दायित्व प्रदान गरिएको छ। त्यसैगरी, कारागार ऐन, २०७९ को दफा ४२ मा महान्यायाधिवक्ता वा निजले तोकेको अधिकारीले प्रत्येक वर्ष कम्तीमा एक पटक कारागारको निरीक्षण गर्न वा गराउनुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ। उक्त कानुनी तथा संवैधानिक दायित्वको प्रभावकारी कार्यान्वयनका क्रममा महान्यायाधिवक्ताज्यूबाट प्रत्यायोजित अधिकार बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयद्वारा कोशी प्रदेश अन्तर्गतका १४ वटै जिल्लाका सदरमुकाममा अवस्थित प्रहरी हिरासत, कारागार तथा बाल सुधार गृहहरूको अनुगमन तथा निरीक्षण सम्पन्न गरिएको हो। उक्त अनुगमन तथा निरीक्षणका क्रममा सम्बन्धित निकायहरूको भौतिक, प्रशासनिक तथा मानव अधिकार सम्बन्धी अवस्थाको सूक्ष्म अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरी देखिएका समस्या, चुनौती एवं सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरिएको छ। साथै, हिरासत तथा कारागार व्यवस्थापनलाई थप मानवोचित, प्रभावकारी, उत्तरदायी तथा विधिसम्मत बनाउन आवश्यक सुधारात्मक उपाय,नीतिगत सुझाव एवं व्यवहारिक सिफारिसहरू समेटी यो प्रतिवेदन तयार गरिएको छ।

## १.३ अनुगमन/निरिक्षणका उद्देश्यहरू:

- हिरासत, कारागार तथा बाल सुधार गृहमा रहेका व्यक्तिहरूको मानव अधिकार, मानवोचित व्यवहार तथा मौलिक हकको संरक्षणको अवस्थाको वस्तुनिष्ठ मूल्याङ्कन गर्नु।
- प्रचलित कानून, संवैधानिक व्यवस्था, अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड तथा सुधारमुखी न्याय प्रणालीको कार्यान्वयन अवस्थाको सूक्ष्म अनुगमन एवं विश्लेषण गर्नु।
- कारागार, बालसुधार गृह र हिरासत व्यवस्थापनमा देखिएका संरचनागत, प्रशासनिक तथा व्यवहारिक समस्या एवं चुनौतीहरूको पहिचान गरी सुधारोन्मुख, व्यवहारिक तथा नीतिगत सुझाव प्रस्तुत गर्नु।

## १.४ अनुगमन / निरिक्षण टोलीको कार्यादेश

- प्रहरी हिरासत, कारागार तथा बाल सुधार गृहको भौतिक पूर्वाधार, प्रशासनिक व्यवस्थापन, सुरक्षा अवस्था तथा मानवोचित व्यवहार सम्बन्धी पक्षहरूको स्थलगत निरीक्षण गर्नु।
- बन्दी, कैदी तथा बाल सुधार गृहमा रहेका बालबालिकासँग प्रत्यक्ष अन्तरक्रिया गरी उनीहरूको अवस्था, गुनासा, मनोसामाजिक अवस्था तथा आधारभूत आवश्यकताको यथार्थ जानकारी संकलन गर्नु।
- निरीक्षणका क्रममा प्राप्त तथ्य, अभिलेख, अन्तरक्रिया तथा अवलोकनका आधारमा समस्या, चुनौती र सुधार गर्नुपर्ने पक्षहरूको विश्लेषण गरी नीतिगत, संस्थागत तथा व्यवहारिक सुधारका लागि सुझावसहित तोकिएका निकायमा पेश गर्न प्रतिवेदन तयार गर्नु।

### १.५ अनुगमन/निरिक्षणको समयावधि

मुख्य न्यायाधिवक्ताको कार्यालयको स्वीकृत कार्यतालिका अनुसार विभिन्न मितिमा एक दिवसीय कार्यतालिका बमोजिम अनुगमन तथा निरीक्षणको कार्य सम्पन्न गरिएको ।

### १.६ अनुगमन/निरिक्षणको विधि

अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी, वस्तुनिष्ठ तथा परिणाममुखी बनाउन स्थलगत अवलोकन, अभिलेख परीक्षण, सम्बन्धित पदाधिकारीहरूसँग औपचारिक छलफल, बन्दी/कैदी तथा बालबालिकासँग प्रत्यक्ष अन्तरक्रिया, भौतिक पूर्वाधारको निरीक्षण तथा महान्यायाधिवक्ताको कार्यालयले तयार गरेको अनुसुचि फारमहरुमा संकलित प्राप्त तथ्य एवं सूचनाको विश्लेषणात्मक अध्ययनका माध्यमबाट अनुगमन र निरिक्षणको कार्य सम्पन्न गरिएको ।

## परिच्छेदः दुई

## तथ्यांक संकलन तथा विश्लेषण

### २.१ हिरासत तथा कारागार अनुगमनका सूचक र अनुगमनको विवरण

नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) र उपधारा (७) बमोजिम हिरासत तथा कारागार अनुगमन गर्नका लागि महान्यायाधिवक्ताज्यूबाट अधिकार प्रत्यायोजन भई कारागार तथा हिरासतको निरीक्षण गर्नका लागि संविधान, कारागार ऐन, प्रचलित कानून एवं अन्तर्राष्ट्रिय दस्तावेजहरूमा निर्धारण गरिएका अधिकार तथा सुविधाहरूका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट अनुगमन गर्दा विचार गर्नुपर्ने विषयको सूची (Checklist) अर्थात कारागार तथा हिरासत अनुगमन निर्देशिका २०७० अनुसार कोशी प्रदेशका विभिन्न जिल्लाका प्रहरी हिरासत कक्ष, बालसुधार गृह र कारागारहरूको अनुगमन गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा कोशी प्रदेशमा रहेका बालसुधारगृह, हिरासत तथा कारागार अनुगमन गरिएका जिल्लाहरू र अनुगमन गर्ने अधिकारीहरूको विवरण

| क्र.स. | अनुगमन गर्ने पदाधिकारी | अनुगमनमा सहभागी कर्मचारीहरु | अनुगमन भएको जिल्ला र कार्यालय | अनुगमन भएको मिति |
|---|---|---|---|---|
| १. | माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्ती | उप-न्यायाधिवक्ता श्री रविन सापकोटा<br>सहायक न्यायाधिवक्ता श्री सिमा यादव<br>सहायक न्यायाधिवक्ता श्री निर्मला दाहाल पोखरेल | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, मोरङ | २०८२।१०।२८ |
| २. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय, सुनसरी | २०८३।०१।०९ |
| ३. | ,, | ,, | ईलाका प्रहरी कार्यालय (पकली) र कारागार कार्यालय, झुम्का, सुनसरी | २०८२।१०।२७ |

| | | | | |
|---|---|---|---|---|
| ४. | ,, | उप-न्यायाधिवक्ता श्री रविन सापकोटा<br>सहायक न्यायाधिवक्ता<br>श्री सिमा यादव | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, धनकुटा | २०८२।१०।१२ |
| ५. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, संखुवासभा | २०८२।१०।१४ |
| ६. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, भोजपुर | २०८२।१०।१३ |
| ७. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, खोटाङ | २०८२।१२।२५ |
| ८. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, ओखलढुङ्गा | २०८२।१२।२६ |
| ९. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, सोलुखुम्बु | २०८२।१२।२६ |
| १०. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, तेर्हथुम | २०८३।०१।१५ |
| ११. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, झापा | २०८३।०१।१७ |
| १२. | माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्ती | उप-न्यायाधिवक्ता श्री रविन सापकोटा<br>सहायक न्यायाधिवक्ता<br>श्री निर्मला दाहाल पोखरेल | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, उदयपुर | २०८२।११।१० |
| १३. | ,, | उप-न्यायाधिवक्ता श्री रविन सापकोटा<br>सहायक न्यायाधिवक्ता<br>श्री सिमा यादव | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, ईलाम | २०८३।०२।०७ |
| १४. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, पाँचथर | २०८३।०२।०६ |
| १५. | ,, | ,, | जिल्ला प्रहरी कार्यालय र कारागार कार्यालय, ताप्लेजुङ | २०८३।०२।०५ |
| १७. | ,, | ,, | बालसुधार गृह, मोरङ | २०८२।११।०५ |

## २.२ संकलित तथ्यांक तथा विश्लेषण

अनुगमन पश्चात् प्राप्त हुन आएका १४ जिल्लाका हिरासत एवं कारागारहरूको अनुगमन सम्बन्धी प्रतिवेदनमा उल्लेख भए बमोजिम कारागार र हिरासतको अनुगमन तथ्यांक छुट्टाछुट्टै तालिकामा उल्लेख गरिएको छ।

### (क) बालसुधार गृह तर्फ

### १. संस्थागत परिचय

बाल सुधार गृह मोरङ, नेपाल सरकार,महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत कानूनको विवादमा परेका बालबालिकालाई सुधारात्मक न्याय (restorative justice), शिक्षा, सीप विकास र सामाजिक पुनःएकीकरण प्रदान गर्ने उद्देश्य राखि UN Convention on the Rights of the Child (CRC) तथा बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार सञ्चालनमा रहेको र दण्डात्मक नभई बालमैत्री सुधार प्रणालीमा आधारित रहेको भनिएतापनि यहाँ ५० जनाको क्षमता रहि केही समय अगाडि सम्म २३० जना राखिएकोमा हाल ५० जनाको क्षमतामा १८३ जना राखिएको र १८ वर्ष माथिका ४७ जनालाई मोरङ कारागारको पुरानो भवनमा block 'B' बनाई त्यहांको संचालन र व्यवस्थापन जिम्मेवारी बालसुधार गृहकै रहनेगरी सारिएको छ। कोशी प्रदेशको १४ वटै जिल्लाको साथै मधेश प्रदेशको सप्तरी जिल्लाको १, कैलालीको १ बालबिज्याईकर्ता पनि यहि राखिएको अवस्था छ। जहाँ १२ वर्षदेखि २७।२८ वर्ष सम्मका बाल बिज्याँईकर्ताहरू राखिएको छ। मुद्दा पुर्पक्षमा ८१ जना र फैसला भएका १४९ जनामा स्वदेशी २२२ जना र बिदेशी ८ जना रहेको छ। यहाँ रहेका कानूनको विवादमा परेका बालबालिका मध्ये १२८ जना बालबिज्याईकर्ता जबरजस्ती करणी मुद्दामा, २३ जना लागू औषध मुद्दामा, २३ जना कर्तब्य ज्यान मुद्दामा रहेका छन् भने २०८२ साल भदौ २३ र २४ को जेन्जि आन्दोलनमा १५ जना बालबिज्याईकर्ता फरार भएका छन्।(मिति २०८२।११।०५ सम्मको रेकड बाट)

### २. सकारात्मक पक्ष

- कक्षा ४ देखि १० सम्म अनिवार्य पढनुपर्ने गरी कक्षा संचालन।
- १८ वर्ष माथिका ४७ जनालाई Block 'B' मा सारिएको।
- यहि आ. व. २०८२/०८३ मा ८ जनालाई parole मा छोडिएको।
- कानूनी प्रक्रियामा वैतानिक वकीलले सहयोग गरिरहेको।
- स्वास्थ्य जाँचको लागि एक जना नर्सको दरबन्दी रहेको।
- विद्यालय समय पछि फुटबल, भलिबल, टिटि, चेस, लुडो, क्रिकेट जस्ता खेलकुद र व्यामहरू गर्ने गरेको।
- आफन्तसंग राम्ररी भेटघाट गर्न मिल्ने र बसेर कुराकानी गर्ने साथै आवश्यकता अनुसार आफन्तसंग फोनमा बोल्न मिल्ने व्यवस्था रहेको।
- २ पटक खाना र १ पटक खाजाको व्यवस्था रहेको। (आफूले पैसा तिर्न नपर्ने),
- पत्रपत्रिका, टेलिफोन, टेलिभिजन र पुस्तकालयको व्यवस्था सामान्य रहेको।

## ३. प्रमुख समस्याहरु

### १. क्षमता भन्दा बढी बालकहरु

बाल सुधार गृह मोरङमा लगभग क्षमता भन्दा ४ गुन्ना बढी बालकहरू राखिएको कारण बसोबास, सरसफाइ र सुरक्षा व्यवस्थापन प्रभावित भई मानसिक तनाव, झडप र स्वास्थ्य जोखिम समेत बढाएको।

### २. अपर्याप्त भौतिक पूर्वाधार

सुधार गृहको भवन, शौचालय, खानेपानी तथा बसोबास सुविधा पर्याप्त नरही, सीमित पूर्वाधारले बालबालिकाको दैनिक जीवन र पुनर्स्थापना (rehabilitation) प्रक्रिया प्रभावित भएको।

### ३. मनोसामाजिक सेवा अभाव

मनोविमर्शकर्ता नरहेकोले depression, anxiety र trauma भएका बालकहरुले आवश्यक सहयोग पाउन नसकेको।Journal of Biratnagar Nursing Campus मा प्रकाशित "Psychological Aspects and Coping Strategies Among Children of Baal Sudhar Griha, Morang" अध्ययनले सुधार गृहमा रहेका बालबालिकामध्ये ठूलो हिस्साले stress, anxiety र depression जस्ता severe psychological problems भोगिरहेको निष्कर्ष निकालेको छ, जसमा करिब ४६% बालबालिका गम्भीर मनोसामाजिक समस्याबाट प्रभावित रहेको उल्लेख गरिएको छ।[1]

### ४. कमजोर शिक्षा प्रणाली

औपचारिक शिक्षा सञ्चालन भए पनि प्रा. वि. को ४ जना र मा. वि. को २ जना शिक्षकहरुबाट कक्षा संचालन हुँदा व्यवस्थापन प्रभावकारी हुन नसकेको।

### ५. सीप/क्षमता विकास अवसरको कमी

विभिन्न सिपमूलक र रोजगारीमूलक तालिमको अभाव रहेको साथै १० कक्षा पछी पढने व्यवस्था पनि नभएको।

### ६. स्वास्थ्य सेवा अपर्याप्त

एक जना नर्सको दरबन्दी रहेतापनि नियमित स्वास्थ्य परीक्षण, औषधि र उपचार सेवा पर्याप्त नरहेको। overcrowding र कमजोर sanitation का कारण लगभग सबैलाई छालाको infection रहेको।

### ७. अनुशासन समस्या र झडप

बालकहरुमा कमजोर अनुशासनका कारण समय समयमा झडप हुने गरेको। साथै सुरक्षा व्यवस्थापन कमजोर हुँदा यस्ता घटना नियन्त्रण गर्न चुनौती हुने गरेको।

### ८. पारिवारिक पुनःएकीकरण कमजोर

धेरै बालकहरुले परिवारबाट पर्याप्त सहयोग र अपनत्व पाउन नसकेको। साथै पारिवारिक भेटघाटमा कमी रहेको।

---

[1] Mehta, S., Karn, B. K., Chaudhary, R., & Lama, S. (2023). Psychological Aspects and Coping Strategies Among Children of Baal Sudhar Griha, Morang. *Journal of Biratnagar Nursing Campus*, *1*(1), 58–68. https://doi.org/10.3126/jbnc.v1i1.63258

९. **पुनःअपराध (Recidivism) जोखिम**

प्रभावकारी rehabilitation र long-term support अभावका कारण केही बालकहरु पुनः अपराधतर्फ फर्किने जोखिममा रहेको ।

## ४. प्रमुख चुनौतीहरू

1. बजेट अभाव र भौतिक संरचना विस्तारमा कठिन ।
2. प्रशिक्षित मानव संसाधनको कमी (दोभाषे, सामाजिक मनोपरामर्शकर्ता र बालकल्याण अधिकारी नभएको)।
3. सुरक्षा व्यवस्थापन कमजोरी (दरबन्दी बमोजिमको सुरक्षाकर्मिको पूर्ति नभएको र चारैतिरको वाल पुरानो रहेको) ।
4. मानसिक स्वास्थ्य सेवा institutionalize गर्न कठिन ।
5. बालमैत्री न्याय प्रणाली पूर्ण कार्यान्वयन चुनौती ।
6. अन्तर-निकाय समन्वय अभाव ।
7. विद्यालय संचालन र व्यवस्थापन सम्बन्धी स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको ।
8. दीर्घकालीन rehabilitation model को अभाव ।

## ५. निष्कर्ष

बाल सुधार गृह मोरङमा हाल अत्यधिक भिडभाड (overcrowding), कमजोर भौतिक पूर्वाधार, मनोसामाजिक सेवाको अभाव तथा अपर्याप्त पुनर्स्थापना कार्यक्रम प्रमुख समस्याका रूपमा देखिएका छन्। क्षमताभन्दा बढी बालबालिका राखिँदा स्वास्थ्य, सुरक्षा, मानसिक अवस्था र समग्र सुधार प्रक्रियामा नकारात्मक प्रभाव परेको साथै सीमित शिक्षा तथा सीप विकासका अवसर र कमजोर पारिवारिक पुनःएकीकरणका कारण पुनःअपराधको जोखिम बढेको देखिन्छ । बालबालिकामा depression, anxiety, trauma जस्ता मनोसामाजिक समस्या रहेको साथै सुरक्षा चुनौती र अनुशासन उल्लंघन सम्बन्धी घटनाहरू पनि हुने गरेका छन् । समग्र विश्लेषणले बाल सुधार गृह मोरङ अझै पूर्ण रूपमा rehabilitation-centered संस्था बन्न नसकी custodial व्यवस्थाको दबाबमा सञ्चालन भइरहेको जस्तो देखिन्छ । त्यसैले पूर्वाधार विस्तार, क्षमता वृद्धि, दक्ष जनशक्ति व्यवस्थापन, मनोसामाजिक सेवा सुदृढीकरण तथा प्रभावकारी पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्न सकेमा यस संस्थालाई वास्तविक अर्थमा बालमैत्री, अधिकारमुखी र पुनर्स्थापनामुखी सुधार केन्द्रका रूपमा विकास गर्न सकिने देखिन्छ ।

(ख) हिरासत तर्फ

तालिका नं. १

हिरासतको भौतिक अवस्थाः

| क्र. स. | हिरासत कार्यालय | कोठा संख्या | घाम, हावाको प्रवेश | पर्याप्त झ्याल | छतको अवस्था | महिला/पुरुष अलग/अलग | थुनुवा संख्या महिला (म) पुरुष (पु) | कानूनको बिवादमा परेका बालक | आश्रित बालबालिका | चर्पी। नुहाउने कोठा, | सरसफाई। रंगरोगन | सुरक्षाको ब्यबस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | १ पु. १ म. १ बाल निगरानी जम्मा-३ | छ | छ | नचुहिने | अलग छ | ३२ पु. ३ म. | छैन | छैन | एउटैमा कोठा भित्र | राम्रो | राम्रो (CCTV) |
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | ३ < | छ | छ | नचुहिने | छ | ७० पु. ६ म. | ११ | १ (९ महिनाको) | एउटैमा कोठाभित्र | सामान्य | ,, |
| ३. | ईलाका प्रहरी कार्यालय (पकली)सुनसरी | १ पु. १ म. | छ | छ | ,, | छ | १० पु. २ म. | बाल निगरानी कक्ष छैन | १ वर्षको (दिनमा यहाँ, राति घर लाने गरेको) | ,, | राम्रो | ,, |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | १ पु.<br>१ म.<br>१ बाल निगरानी कक्ष | छ | छ | नचुहिने | छ | ४ पु. | छैन | छैन | एउटैमा कोठाभित्र | सामान्य | राम्रो CCTV |
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | ,, | सामान्य | छ | राम्रो | ,, | ५ पु. | ,, | ,, | ,, | ,, | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | ,, | ,, | ,, | ,, | ,, | ७ पु. | ,, | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ,, | ,, | ,, | ,, | ,, | २ पु.<br>१ म. | ,, | ,, | ,, | ,, | राम्रो CCTV |
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ,, | ,, | ,, | नचुहिने | छ | २ पु. | १ (१७ वर्षको) | ,, | ,, | ,, | राम्रो CCTV |
| ९. | जिल्ला प्रहरी कार्यालय ,सोलुखुम्बु | ,, | ,, | छ | ,, | छ | ५ पु. | छैन | छैन | एउटैमा कोठाभित्र | राम्रो | ,, |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | जिल्ला प्रहरी कार्यालय , तेर्हथुम | ,, | सामान्य | छ | राम्रो | छ | ४ पु. | छैन | छेन | ,, | सामान्य | राम्रो |
| ११. | जिल्ला प्रहरी कार्यालय , झापा | २ पु. १ म. १ बाल निगरानी कक्ष | सामान्य | छ | राम्रो | छ | ८७ पु. ११ म. | १० जना | छैन | कोठा भित्रै एउटैमा | ,, | राम्रो CCTV |
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | १ पु. १ म. १बाल निगरानी कक्ष | ,, | छ | नचुहिने | छ | १२ पु. | छैन | छैन | ,, | ,, | ,, |
| १३. | जिल्ला प्रहरी कार्यालय ,ईलाम | २ पु. १ म. | ,, | ,, | राम्रो (1st floor) | छ | १६ पु. १ म. | छैन | छैन | ,, | ,, | राम्रो |
| १४. | जिल्ला प्रहरी कार्यालय, ,पाँचथर | ,, | पुरानो भवन | अँध्यारो | नचुहने | छ | २ पु. १ म. | छैन | ६ वर्षकी बालिका | पुरुष र महिलाको एउटै चर्पि कोठा बाहिर | सामान्य | राम्रो CCTV |

तालिका नं. १ मा उल्लिखित विवरण अनुसार, कोशी प्रदेशको १४ वटै जिल्लाको १४ जिल्ला प्रहरी कार्यालय र १ ईलाका प्रहरी कार्यालको हिरासत कक्ष अनुगमन निरिक्षण गर्दा अनुगमन मितिसम्ममा जम्मा ३०० जना शंकितहरूमा २७४ पुरुष, २६ महिला र २३ जना कानूनको विवादमा परेका बालक साथै ३ जना आश्रित बालबालिका रहेकोमा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५. | जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ | ,, | ,, | अँध्यारो | नचुहिने | छ | १६ पु. १ म. | १ (१७ वर्षको) | छैन | ,, | सामान्य | राम्रो CCTV |

अपराध अनुसन्धानका क्रममा पक्राउ परेका शंकित व्यक्तिहरूलाई राखिने यी १५ वटा हिरासत कक्षहरूमा तराईका जिल्लामा चाप बढी रहि स्थान अपर्याप्त रहेको छ भने पहाडी\हिमाली जिल्लामा चाप कम रहेको छ। हिरासतहरूमा पुरुष थुनुवाहरूको बाहुल्यता रहेको छ भने महिला र उनीहरूमा आश्रित नाबालकहरूको संख्या तुलनात्मक रूपमा एकदमै कम देखिन्छ। यी १५ वटा हिरासत कक्षहरूको भौतिक पूर्वाधारको पाटोलाई केलाउँदा यिनीहरू फरक-फरक आकार र क्षमताका छन्। अधिकांश हिरासतहरूमा प्राकृतिक घाम, हावा र प्रकाशको पहुँच सामान्य अवस्थामा रहेको र भेन्टिलेसनका लागि साना झ्यालहरूको प्रयोग गरिएको देखिन्छ। समग्र सुरक्षा प्रबन्ध चुस्त र हिरासत कक्षहरूको नियमित सरसफाइको अवस्था सामान्य रहे तापनि क्षमताभन्दा बढी थुनुवा राख्नुपर्ने बाध्यताका कारण यहाँको प्रमुख समस्याका रूपमा शौचालय र नुहाउने कोठा एउटैमा रहि शौचालय र स्नानगृहको अपर्याप्तता नै देखिएको छ, जसले गर्दा थुनुवाहरूको मानव अधिकार र न्यूनतम आधारभूत सुविधामा चुनौती थपेको छ।

तालिका नं. २

खाना, सिधा तथा आरामको ब्यबस्था

| क्र. स. | हिरासत कार्यालय | सिधाको बिवरण | खानाको पटक | पानीको व्यबस्था | खानेपानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | नियमअनुसार | २ | धाराको | सामान्य | नभएको | प्रहरीकै भान्सामा | छैन | छैन | खाट र झुल छैन भूईमा विस्तारा लगाएर सुत्ने गरेको। |

| क्र. स. | हिरासत कार्यालय | सिधाको बिवरण | खानाको पटक | पानीको व्यबस्था | खानेपानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | ,, | ,, | धारा/ फिल्टर | ,, | नभएको | ,, | ,, | ,, | बिस्तारा र ओढने मात्र दिएको |
| ३. | ईलाका प्रहरी कार्यालय (पकली)सुनसरी | ,, | ,, | जारको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | ,, | ,, | जारको (आफ्नै पैसामा) | ,, | ,, | ,, | छैन | छ | बिस्तारा र ओढने मात्र दिएको |
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | ,, | ,, | जारको | राम्रो | ,, | ,, | ,, | छ | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | ,, | ,, | धाराको | सामान्य | ,, | ,, | ,, | छ | फल्याकमाथि बिस्तारा र ओढने दिएको |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | नियमअनु सार | २ | फिल्टरक ो | सामान्य | नरहेको | प्रहरीकै | छैन | छ | ,, |

| क्र. स. | हिरासत कार्यालय | सिधाको बिवरण | खानाको पटक | पानीको व्यबस्था | खानेपानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ,, | ,, | फिल्टरक ो | ,, | ,, | ,, | ,, | छ | ,, |
| ९. | जिल्ला प्रहरी कार्यालय ,सोलुखुम्बु | ,, | ,, | ,, | ,, | ,, | ,, | छैन | छ | ,, |
| १०. | जिल्ला प्रहरी कार्यालय ,तेर्हथुम | ,, | ,, | धाराको | सामान्य | नभएको | ,, | ,, | छ | विस्तारा र ओढने दिएको |
| ११. | जिल्ला प्रहरी कार्यालय ,झापा | ,, | ,, | ,, | सादा खाना | ,, | ,, | ,, | छैन | ,, |
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ,, | ,, | जारको | राम्रो | ,, | ,, | ,, | छ | ,, |
| १३. | जिल्ला प्रहरी कार्यालय ,ईलाम | ,, | ,, | धाराको | सामान्य | ,, | ,, | ,, | छ | ,, |
| १४. | जिल्ला प्रहरी कार्यालय, ,पाँचथर | ,, | ,, | धाराको | ,, | ,, | ,, | ,, | छ | ,, |
| १५. | जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ | ,, | ,, | ,, | ,, | ,, | ,, | छैन | छैन | ,, |

तालिका नं. २ मा उल्लेख भएअनुसार अनुगमन गरिएका सबै हिरासत कक्षहरूमा थुनुवाहरूलाई नियामानुसार सिधा (खाद्यान्न/खाना) उपलब्ध गराइएको पाइएको छ। पानी कतै धाराको, कतै फिल्टरको र कतै जारको उपलब्ध गराईएको पाईयो। थुनुवाहरूका लागि छुट्टै भान्छा कोठाको व्यवस्था नभए तापनि प्रहरी मेसकै खाना दिनमा दुई पटक दिने गरिएको, खाजा आफ्नै पैसाले खाने गरेकोमा सबै हिरासतमा खाना तथा पानीको उपलब्धता सन्तोषजनक नै रहेको देखिन्छ। अनुगमनको अवधिमा हिरासतमा रहेको अवस्थामा कुनै पनि महिला सुत्केरी भएको अवस्था भने आई नपरेको,हिरासतको सुत्ने व्यवस्थातर्फ हेर्दा प्रायजसो हिरासत कक्षहरूमा थुनुवाहरूका लागि छुट्टाछुट्टै सुत्ने कोठाको व्यवस्था रहेको देखिँदैन। अधिकांश हिरासतहरूमा थुनुवाहरूलाई सुत्नका लागि स्थान (ठाउँ) पर्याप्त नभएको पाइएको छ। हिरासत कक्षहरूमा सुत्नका लागि भुइँमा काठको फ्ल्याक (पाटा) माथि ओछ्यान लगाउने गरिएको भए तापनि थुनुवाहरूका लागि खाट र झुलको उपलब्धता भएको पाईएन।

तालिका नं. ३

स्वास्थ्य जाँच र औषधोपचार

| क्र. स. | हिरासत कार्यालय | जाँच गर्ने स्वास्थ्यकर्मीको व्यवस्था | जाँच तथा उपचार कक्ष | औषधीको उपलब्धता | बिरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनापूर्व र मुक्त हुँदा स्वास्थ्य जाँच |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | छैन | छैन | सामान्य प्राथमिक उपचार मात्र | बिरामी नभएको | आवश्यक परे बाहिर पठाउने गरेको | गर्ने गरेको |
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ३. | ईलाका प्रहरी कार्यालय (पकली)सुनसरी | ,, | ,, | ,, | ,, | ,, | ,, |

| क्र. स. | हिरासत कार्यालय | जाँच गर्ने स्वास्थ्यकर्मीको व्यवस्था | जाँच तथा उपचार कक्ष | औषधीको उपलब्धता | बिरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनापूर्व र मुक्त हुँदा स्वास्थ्य जाँच |
|---|---|---|---|---|---|---|---|
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | ,, | ,, | ,, | ,, | OCMC लग्ने गरेको | ,, |
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | ,, | ,, | ,, | ,, | OCMC लग्ने गरेको | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | ,, | ,, | ,, | ,, | OCMC लग्ने गरेको | ,, |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ,, | ,, | ,, | ,, | आवश्यक परे बाहिर पठाउने गरेको | ,, |
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ९. | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | ,, | ,, | सामान्य प्राथमिक उपचार मात्र | नरहेको | आवश्यक परे अस्पताल लाने गरेको | ,, |

| क्र. स. | हिरासत कार्यालय | जाँच गर्ने स्वास्थ्यकर्मीको व्यवस्था | जाँच तथा उपचार कक्ष | औषधीको उपलब्धता | बिरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनापूर्व र मुक्त हुँदा स्वास्थ्य जाँच |
|---|---|---|---|---|---|---|---|
| १०. | जिल्ला प्रहरी कार्यालय ,तेर्हथुम | ,, | ,, | सामान्य प्राथमिक उपचार मात्र | नरहेको | आवश्यक परे अस्पताल लाने गरेको | ,, |
| ११. | जिल्ला प्रहरी कार्यालय ,झापा | ,, | ,, | सामान्य प्राथमिक उपचार मात्र | नरहेको | आवश्यक परे अस्पताल लाने गरेको | ,, |
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ,, | ,, | सामान्य प्राथमिक उपचार मात्र | नरहेको | आवश्यक परे अस्पताल लाने गरेको | ,, |
| १३. | जिल्ला प्रहरी कार्यालय ,ईलाम | ,, | ,, | सामान्य प्राथमिक उपचार मात्र | नरहेको | आवश्यक परे अस्पताल लाने गरेको | ,, |
| १४. | जिल्ला प्रहरी कार्यालय, ,पाँचथर | ,, | ,, | सामान्य प्राथमिक उपचार मात्र | नरहेको | आवश्यक परे अस्पताल लाने गरेको | ,, |
| १५. | जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ | ,, | ,, | सामान्य प्राथमिक उपचार मात्र | नरहेको | आवश्यक परे अस्पताल लाने गरेको | ,, |

तालिका नं ३ मा उल्लेखित विवरण अनुसार हिरासतमा रहेका थुनुवाहरूको स्वास्थ्य जाँचको लागि स्वास्थ्यकर्मीको छुट्टै व्यवस्था र छुट्टै उपचार कक्ष भएको देखिएन । सामान्य औषधीको उपलब्धता हिरासत भित्रै हुने गरेको, अनुगमनको क्रममा हाल हिरासतमा गम्भीर प्रकृतिका बिरामी नरहेका र बिरामी भएको अवस्थामा नजिकको अस्पतालमा वा OCMC मा थप उपचारको लागि लाने गरेको देखिन्छ । हिरासतमा लिनु अघि र थुनामुक्त गर्ने समयमा पनि थुनुवाहरूको स्वास्थ्य जाँच गर्ने गरिएको देखियो।

तालिका नं. ४

पुस्तकालय तथा मनोरञ्जन

| क्र. स. | हिरासत कार्यालय | पत्रपत्रिकाको उपलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्याममसाला/ खेलकुद मैदान | शिपमूलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | संचार सम्पर्क | थप शिक्षाको अवसर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | छ | टि. भी. छ | छ | छैन | छैन | छैन | फोन सम्पर्क छ | छैन |
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ३. | ईलाका प्रहरी कार्यालय (पकली)सुनसरी | खासै नपढेको | छैन | छैन | छैन | छैन | छैन | ,, | छैन |
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | छ | छैन | छ | ,, | ,, | ,, | ,, | ,, |
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | खासै नपढेको | छैन | छ | ,, | ,, | ,, | फोन सम्पर्क छ | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | ,, | छैन | छ | ,, | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ,, | छैन | छ | ,, | ,, | ,, | ,, | ,, |

| क्र. स. | हिरासत कार्यालय | पत्रपत्रिकाको उपलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्याममसाला/ खेलकुद मैदान | शिपमूलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | संचार सम्पर्क | थप शिक्षाको अवसर |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ,, | छ | छ | छैन | छैन | छैन | ,, | ,, |
| ९. | जिल्ला प्रहरी कार्यालय , सोलुखुम्बु | नपढेको | छ | छ | छैन | छैन | छैन | छ | छैन |
| १०. | जिल्ला प्रहरी कार्यालय , तेर्हथुम | ,, | छैन | छ | ,, | ,, | ,, | छ | ,, |
| ११. | जिल्ला प्रहरी कार्यालय , झापा | छ | छैन | छ | छैन | छैन | छैन | ,, | ,, |
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | छ | छ | छ | ,, | ,, | ,, | ,, | छैन |
| १३. | जिल्ला प्रहरी कार्यालय ,ईलाम | नपढेको | छ | छ | छैन | छैन | ,, | छ | ,, |
| १४. | जिल्ला प्रहरी कार्यालय, ,पाँचथर | ,, | छ | व्यवस्थित नभएको | छैन | छैन | ,, | छ | ,, |

तालिका नं ४ मा उल्लेखित विवरण अनुसार अनुगमन गरिएका हिरासतहरूमा केही हिरासतबाहेक नियमित रूपमा पत्रपत्रिकाको उपलब्धता भएको देखिँदैन, थुनुवाहरूले पत्रपत्रिका पढने गरेको नदेखिएको। अधिकांश हिरासतमा रेडियो र टेलिभिजनको सुविधा रहेको अवस्था देखिँदैन। आवश्यकता र माग अनुसार सञ्चार सम्पर्कको सुविधा रहेको तर खेलकुद, व्यायामशाला, सीपमूलक कुनै तालिम तथा अध्ययनको अवसर भएको पाइँदैन।

तालिका नं. ५

भेटघाटको प्रवन्ध

| क्र. स. | हिरासत कार्यालय | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्त संग भेटघाट | कानून व्यवसायीसंग भेटघाट | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | बिदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | छ | छ | छ | छ | आवश्यकता अनुसार | फोन गरिदिने | छ | माग भएमा | माग भएमा। छैन |
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | छैन | ,, | ,, | ,, | ७-९ बि. ३-५ बे. आवश्यक्ता अनुसार | ,, | ,, | ,, | ,, |

| क्र. स. | हिरासत कार्यालय | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्त संग भेटघाट | कानून व्यवसायीसंग भेटघाट | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | बिदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | ईलाका प्रहरी कार्यालय (पकली)सुनसरी | छैन | छ | छ | छ | ७-९ बि. ३-५ बे. आवश्यकता अनुसार | फोन गरिदिने | छ | माग भएमा | माग भएमा। हाल छैन |
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | ,, | छ | छ | छ | आवश्यकता अनुसार | ,, | छ | ,, | पत्राचार भएमा |
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | छैन | छ | छ | छ | ७-१० बि. ४-५ बे. आवश्यकता अनुसार | ,, | ,, | ,, | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | ,, | छ | छ | छ | ८-१०बि. आवश्यकता अनुसार | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ,, | छ | छ | छ | ८-१०बि. ३-५ बे. आवश्यकता अनुसार | ,, | ,, | ,, | ,, |

| क्र. स. | हिरासत कार्यालय | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्त संग भेटघाट | कानून व्यवसायीसंग भेटघाट | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | बिदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | छैन | छ | छ | छ | ७-५ सम्म | फोन गरिदिने | छ | माग भएमा | माग भएमा। हाल छैन |
| ९. | जिल्ला प्रहरी कार्यालय ,सोलुखुम्बु | छैन | छ | छ | छ | ८-१०बि. ३-५ बे. आवश्यकता अनुसार | ,, | ,, | ,, | ,, |
| १०. | जिल्ला प्रहरी कार्यालय ,तेर्हथुम | ,, | ,, | ,, | ,, | आवश्यकता अनुसार | ,, | ,, | ,, | ,, |
| ११. | जिल्ला प्रहरी कार्यालय ,झापा | छैन | छ | छ | छ | ,, | फोन गरिदिने | ,, | ,, | ,, |
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | छैन | छ | छ | छ | दैनिक २ पटक (३-५ मिनेट) | फोन गरिदिने | छ | माग भएमा | माग भएमा। हाल छैन |
| १३. | जिल्ला प्रहरी कार्यालय ,ईलाम | छैन | छ | छ | छ | ८-११बि. १-३ बे. | फोन गरिदिने | छ | माग भएमा | माग भएमा। हाल छैन |

| क्र. स. | हिरासत कार्यालय | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्त संग भेटघाट | कानून व्यवसायीसंग भेटघाट | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | बिदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४. | जिल्ला प्रहरी कार्यालय, पाँचथर | ,, | छ | छ | छ | ७-९बि. ३-५बे. आवश्यकता अनुसार | फोन गरिदिने | छ | माग भएमा | माग भएमा। हाल छैन |
| १५. | जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ | ,, | छ | छ | छ | ,, | फोन गरिदिने | छ | माग भएमा | माग भएमा हाल छैन |

तालिका नं ५ मा उल्लेखित विवरण अनुसार अनुगमन गरिएका हिरासतहरूमा थुनुवाहरूलाई भेट गर्न आउने मानिसहरूको लागि छुट्टै भेटघाट कक्ष र हेल्प डेस्क रहेको पाइँदैन। प्राय सबै हिरासतमा थुनुवाका आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्ने प्रबन्ध मिलाइएको देखिन्छ। थुनुवाका आफन्तहरूलाई थुनुवाको बारेमा जानकारी दिने गरिएको भन्ने देखिन्छ। थुनुवासँग गरेको भेटघाटको अभिलेख सबै हिरासतहरूमा राख्ने गरिएको पाइएको छ। केही हिरासतहरूमा कानून व्यवसायीसँगको भेटघाटको अभिलेख राख्ने गरेको पाइएन। हिरासतहरूमा विदेशीहरू खासै नभएका र केही भएपनि भारतको मात्र रहेको कारण कूटनीतिक नियोगका व्यक्तिहरू भेटघाट गर्न आएको अवस्था नभएको भएतापनि कूटनीतिक भेटघाट गर्न चाहेमा सो अवसर उपलब्ध गराईने उल्लेख छ। थुनुवाहरूलाई भाषाको समस्या परेमा दोभाषेको व्यवस्था गरिएको नभएतापनि आवश्यक पर्दा स्थानीय स्तरबाट दोभाषेको प्रबन्ध मिलाइने गरेको देखिन्छ।

तालिका नं. ६

थुनुवा सम्बन्धी कागजात र तिनको अवस्था

| क्र. स. | हिरासत कार्यालय | पक्राउ पूर्जि | थुनुवा पुर्जि | हतकडी नेल लगाउने वा गोलघरमा राख्ने गरे/नगरेको | म्याद थप गरे नगरेको | म्याद भन्दा बढी राखे नराखेको | पूर्व निर्देशनको पालना | गैर जिम्मेवार उपर कार्वाही |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | दिएको | दिने गरेको | नगरेको | गरेको | नराखेको | सकेसम्म गरेको | कानून बमोजिम गरेको |
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ३. | ईलाका प्रहरी कार्यालय (पकली) सुनसरी | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ९. | जिल्ला प्रहरी कार्यालय ,सोलुखुम्बु | दिएको | दिने गरेको | नगरेको | गरेको | नराखेको | सकेसम्म गरेको | कानून बमोजिम |

| क्र. स. | हिरासत कार्यालय | पक्राउ पूर्जि | थुनुवा पुर्जि | हतकडी नेल लगाउने वा गोलघरमा राख्ने गरे/नगरेको | म्याद थप गरे नगरेको | म्याद भन्दा बढी राखे नराखेको | पूर्व निर्देशनको पालना | गैर जिम्मेवार उपर कार्वाही |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | गरेको |
| १०. | जिल्ला प्रहरी कार्यालय ,तेर्हथुम | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ११. | जिल्ला प्रहरी कार्यालय ,झापा | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १३. | जिल्ला प्रहरी कार्यालय ,ईलाम | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १४. | जिल्ला प्रहरी कार्यालय, ,पाँचथर | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १५. | जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |

तालिका नं ६ मा उल्लेखित विवरण अनुसार अनुगमन गरिएका हिरासतहरूमा हिरासतमा लिँदा पक्राउ पुर्जी तथा थुनुवा पुर्जी दिने गरिएको, हिरासत बाहिर सरकारी वकील कार्यालय, अदालत र अस्पताल लैजाँदा हतकडी लगाउने गरेको भएतापनि हिरासत भित्र नेल, हतकडी वा गोलघरमा राख्ने नगरिएको, अनुसन्धानको लागि मुद्दा हेर्ने अधिकारीबाट कानून बमोजिम म्याद थप गरेको, म्याद भन्दा बढी थुनामा नराखिएको साथै दिइएको पूर्व निर्देशनको समेत पालना गर्ने गरेको देखियो ।

तालिका नं. ७

नाबालकको हेरचाह तथा सामाजिक संस्कारको प्रवन्ध

| क्र. स. | हिरासत कार्यालय | नाबालक रहे /नरहेको | अनाथ भए हेरचाह | कैदी, थुनुवाको मृत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मृत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट व्यवहार भए /नभएको |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | नरहेको | नभएको | गर्ने गरेको | गर्ने गरेको | दिने गरेको | माग भए बमोजिम दिएको | भएको |
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | ११ | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ३. | ईलाका प्रहरी कार्यालय (पकली)सुनसरी | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | ,, | ,, | छाती दुखेर उपचारको क्रममा १ जनाको मृत्यु भएको | गराएको Viscera Report आउन बाँकी रहेको | दिएको | ,, | ,, |

| क्र. स. | हिरासत कार्यालय | नाबालक रहे /नरहेको | अनाथ भए हेरचाह | कैदी, थुनुवाको मृत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मृत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट व्यवहार भए /नभएको |
|---|---|---|---|---|---|---|---|---|
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | १ जना (१७ वर्षको) | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ९. | जिल्ला प्रहरी कार्यालय ,सोलुखुम्बु | नरहेको | नभएको | गर्ने गरेको | गर्ने गरेको | दिने गरेको | माग भए बमोजिम दिएको | भएको |
| १०. | जिल्ला प्रहरी कार्यालय , तेर्हथुम | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ११. | जिल्ला प्रहरी कार्यालय | १० जना | ,, | ,, | ,, | ,, | ,, | ,, |

| क्र. स. | हिरासत कार्यालय | नाबालक रहे /नरहेको | अनाथ भए हेरचाह | कैदी, थुनुवाको मृत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मृत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट व्यवहार भए /नभएको |
|---|---|---|---|---|---|---|---|---|
| | , झापा | | | | | | | |
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १३. | जिल्ला प्रहरी कार्यालय , ईलाम | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १४. | जिल्ला प्रहरी कार्यालय, , पाँचथर | ,, | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १५. | जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ | १ (१७ वर्षको) | ,, | ,, | ,, | ,, | ,, | ,, |

तालिका नं ७ मा उल्लेखित विवरण अनुसार अनुगमन गरिएका हिरासतहरूमा रहेका थुनुवाको मृत्यु भएको अवस्थामा परिवारले मृत्यु संस्कार गर्ने गरेको, मृत्यु भएमा थुनुवाहरूको शव परीक्षण गरिने, थुनुवाको मृत्यु भएको खबर परिवारजनलाई जानकारी गराउने, थुनामा बस्नेले आफैँ सामाजिक संस्कार गर्नुपर्ने अवस्था नआएको र त्यस्तो अवस्था आएमा सामाजिक संस्कारमा सहभागी हुन दिइने र हिरासतमा रहेका थुनुवाहरूलाई मानवोचित, शिष्ट व्यवहार गर्ने गरिएको देखिन्छ ।

तालिका नं. ८

फरक किसिमले सक्षम व्यक्तिहरूको अभिलेख

| क्र. स. | हिरासत कार्यालय | कैद। थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम | लिङ्ग र संख्या | अपाङ्ग मैत्री कक्षको ववस्था भए नभएको | अपाङमैत्री शिक्षा तथा मनोरञ्जनको व्यवस्था | बिशेष सहुलियत केहि प्रदान गरिएको भए खुलाउने |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय, मोरङ | नभएको | नभएको | नभएको | नभएको | छैन |
| २. | जिल्ला प्रहरी कार्यालय, सुनसरी | ,, | ,, | ,, | ,, | ,, |
| ३. | ईलाका प्रहरी कार्यालय (पकली)सुनसरी | ,, | ,, | ,, | ,, | ,, |
| ४. | जिल्ला प्रहरी कार्यालय, धनकुटा | ,, | ,, | ,, | | ,, |
| ५. | जिल्ला प्रहरी कार्यालय, संखुवासभा | ,, | ,, | ,, | ,, | ,, |
| ६. | जिल्ला प्रहरी कार्यालय ,भोजपुर | ,, | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ,, | ,, | ,, | ,, | ,, |
| ८. | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ,, | ,, | ,, | ,, | ,, |
| ९. | जिल्ला प्रहरी कार्यालय ,सोलुखुम्बु | नभएको | नभएको | नभएको | नभएको | छैन |
| १०. | जिल्ला प्रहरी कार्यालय ,तेर्हथुम | ,, | ,, | ,, | ,, | ,, |
| ११. | जिल्ला प्रहरी कार्यालय ,झापा | ,, | ,, | ,, | ,, | ,, |

| क्र. स. | हिरासत कार्यालय | कैद। थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम | लिङ्ग र संख्या | अपाङ्ग मैत्री कक्षको ववस्था भए नभएको | अपाङमैत्री शिक्षा तथा मनोरञ्जनको व्यवस्था | बिशेष सहुलियत केहि प्रदान गरिएको भए खुलाउने |
|---|---|---|---|---|---|---|
| १२. | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ,, | ,, | ,, | ,, | ,, |
| १३. | जिल्ला प्रहरी कार्यालय ,ईलाम | ,, | ,, | ,, | ,, | ,, |
| १४. | जिल्ला प्रहरी कार्यालय, ,पाँचथर | ,, | ,, | ,, | ,, | ,, |
| १५. | जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ | ,, | ,, | ,, | ,, | ,, |

तालिका नं ८ मा उल्लेखित विवरण अनुसार अनुगमन गरिएका हिरासतहरूमा फरक किसिमले सक्षम थुनुवाहरूको अभिलेख हेर्दा कुनैपनि हिरासतमा फरक क्षमता भएका व्यक्तिहरू नरहेको, अनुगमन गरिएका हिरासतहरू मध्ये कुनैपनि हिरासतमा अपाङ्गता भएका थुनुवाहरूको लागि अपाङ्गमैत्री कक्ष लगायत अपाङ्गमैत्री शिक्षा, मनोरञ्जन र विशेष सहुलियत रहेको पाइँदैन ।

**हिरासत अनुगमनका क्रममा माननीय मुख्य न्यायाधिवक्ताज्यूबाट तत्काल दिइएका निर्देशनहरू :-**

१. बालअधिकार र मानवोचित व्यवहार सुनिश्चित गर्न निर्देशन दिइएको।

२. स्वास्थ्योपचार, सरसफाइ, खानेपानी तथा आधारभूत सुविधाको व्यवस्था सुधार गर्न निर्देशन प्रदान गरिएको।

३. शंकितहरूको वयान लिँदा शारिरीक र मानसिक तनाव नदिई जे भन्छ त्यही लेखिदिनुपर्ने ।

४. हिरासतमा रहेका शंकितहरू साथै बाल निगरानी कक्षमा रहेका कानूनको विवादमा परेका बालकहरूको मानवअधिकार, कानूनको विवादमा परेका बालकहरूको गोपनियता कायममा ध्यान दिने ।

५. अभियुक्तले अनुसन्धानमा सहयोग गरेको खण्डमा सजायमा छुट सम्बन्धी व्यवस्थाको कार्यान्वयनमा जोड दिने ।

६. थुनुवाहरूलाई कानूनी सहायताका लागी वैतानिक वकील र कानूनी सहायता अधिकृतसंग साथै प्रोबोनो सुबिधाको लागि सरोकारवालासंग समन्वय गर्ने

७. अनुसन्धानलाई प्रमाणमुखि बनाउनमा जोड दिने ।

**हिरासत अनुगमन/निरीक्षणका क्रममा देखिएका समस्या तथा चुनौतीहरू**

१. हिरासत तथा कारागारका भौतिक पूर्वाधार जीर्ण तथा अपर्याप्त रहेको।

२. क्षमता भन्दा बढी बन्दी तथा कैदी राखिएको अवस्था रहेको।

३. स्वास्थ्य सेवा, औषधोपचार तथा मनोसामाजिक परामर्श सेवामा कमी रहेको।

४. स्वच्छ खानेपानी, सरसफाइ तथा आधारभूत सुविधाको पर्याप्तता नभएको।

५. सेवा समुह अनुसारका दक्ष जनशक्ति र आवश्यक स्रोत–साधनको कमीका कारण सेवा प्रवाह प्रभावकारी हुन नसकेको ।

(ग) कारागार तर्फ

तालिका नं. ९

कारागारको भौतिक अवस्थाः

| क्र. स. | कारागार कार्यालय | कोठा संख्या। आकार | घाम,हावाको प्रवेश | पर्याप्त झ्याल | छतको अवस्था | महिला\ पुरुष अलग\ अलग | थुनुवा / कैदीसंख्या | | | आश्रित बालबालिका | चर्पि / नुहाउने कोठा | सरसफाई / रंगरोगन | सुरक्षाको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षमता संख्या | पुरुषको संख्या | महिला को संख्या | | | | |
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | नयाँ भवन, विभिन्न आकार का कोठा | राम्रो | छ | पुरानो भवनमा माथि अझै टिना रहेकोले गर्मि हुने | छ | क्ष. ५६७ मा जम्मा ११४८ रहेको | व्लक (ए) मा ५२८ व्लक(बि) मा ५१९ | १०१ महिला | २ जना (३ वर्ष ) (१ वर्षको) | व्यवस्थित | राम्रो | अग्लो मजबुत वाल, सुरक्षाकर्मी, ५८ CCTV भित्र र बाहिर |
| २. | जिल्ला कारागार कार्यालय, सुनसरी | विभिन्न आकार को | ,, | छ | ,, | महिला कारागार छैन | क्ष. १६०० मा १४९० रहेको | व्लक (ए) मा ७४४ व्लक (बि) मा ७४६ | नभएको | छैन | अपर्याप्त छ | सामान्य | अग्लो मजबुत वाल, सुरक्षाकर्मी, CCTV |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | ,, | साघुँरो ठाउ (रोड तल) | छैन | टिनाको | छ | क्ष. ५० मा ७५ रहेको | ६७ पु. | ८ म. | छैन | छ | सन्तोषजनक छैन | छ ११ CCTV |

| क्र. स. | कारागार कार्यालय | कोठा संख्या। आकार | घाम,हावाको प्रवेश | पर्याप्त झ्याल | छतको अवस्था | महिला\ पुरुष अलग\ अलग | थुनुवा / कैदीसंख्या | | | आश्रित बालबालिका | चर्पि / नुहाउने कोठा | सरसफाई / रंगरोगन | सुरक्षाको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षमता संख्या | पुरुषको संख्या | महिला को संख्या | | | | |
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | ,, | छ | छैन | नचुहिने | छ | क्ष. ५५ मा १५७ | १४९ पु. | ६ म. | २ जना | छ | ,, | २४ घण्टे सुरक्षा भएपनि जोखिमपूर्ण भिरालो जमिन |
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | ,, | पर्याप्त छैन | साँघुरोठाँउ, पर्याप्त छैन | टिनाको छाना, महिला तर्फ पुरानो माटोको घर | छ | ३० पु. १० म. | १०२ पु. | ९ म. | १ बालक | छ | सरसफाई राम्रो, | राम्रो |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | ,, | ,, | ,, | पुरानो घर, टिनको छाना, | छ | ४० | १३४ पु. | ३ म. | छैन | छ | सामान्य | चिरा\दरार परेको भित्ता, जमिन धसिरहेकोले बसाई असुरक्षित रहेको, गाडी नभएकोले हिडेर अदालत र अस्पताल जानुपर्ने अवस्था |

| क्र. स. | कारागार कार्यालय | कोठा संख्या। आकार | घाम,हावाको प्रवेश | पर्याप्त झ्याल | छतको अवस्था | महिला\ पुरुष अलग\ अलग | थुनुवा / कैदीसंख्या | | | आश्रित बालबालिका | चर्पि / नुहाउने कोठा | सरसफाई / रंगरोगन | सुरक्षाको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षमता संख्या | पुरुषको संख्या | महिला को संख्या | | | | |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | ,, | सन्तोषजनक छैन | छैन, साँघुरो ठाँउ | पुरानो माटोको घर, अरू निर्माणाधिन रहेको | छ | क्ष. ३० | ६८ पु. | ८ म. | छैन | छ | सन्तोषजनक छैन | उपयुक्त भएपनि जमिनको भुगोल अप्ठयारो रही जेष्ठ नागरिक सुहाउदो नरहेको |
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | ,, | छ | छैन | नचुहिने | छ | २५ पु. २० म. | ९२ पु. | १० म. | १ | छ | राम्रै छ | CCTV, प्रहरी र चारैतिरबाट घेरिएको |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | ,, | अपर्याप्त | छैन | पानी चुहिने | छ | २५ पु. १० म. | ८० पु. | ३ म. | नरहेको | छ | सामान्य | राम्रो |
| १०. | जिल्ला कारागार कार्यालय, झापा | ,, | ,, | छैन | राम्रो | छ | ७०० पु. ५० म. | १५४७ पु. | ९१ म. | १ बालक | अपर्याप्त छ | ,, | अग्लो पर्खालले घेरिएको, सुरक्षाकर्मी तैनाथ, CCTV |
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | ,, | ,, | ,, | पानी नचुहिने | छ | ५० पु. १० म. | २२९ पु. | १० म. | नरहेको | ,, | ,, | राम्रो, १५ CCTV |

| क्र. स. | कारागार कार्यालय | कोठा संख्या। आकार | घाम,हावाको प्रवेश | पर्याप्त झ्याल | छतको अवस्था | महिला\ पुरुष अलग\ अलग | थुनुवा / कैदीसंख्या | | | आश्रित बालबालिका | चर्पि / नुहाउने कोठा | सरसफाई / रंगरोगन | सुरक्षाको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षमता संख्या | पुरुषको संख्या | महिला को संख्या | | | | |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | ,, | राम्रो | छ | ,, | छ | १०० पु. २० म. | ३०० पु. | २० म. | ३ आश्रित | ,, | ,, | राम्रो |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | ,, | राम्रो | छ | राम्रो (नयाँ भवन) | पुरुष मात्र राखिएक ो | ४४ पु. | ५२ पु. | ईलाम सारिएको | नभएको | ,, | ,, | राम्रो |
| १४ | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | ,, | अपर्याप्त | छैन | नचुहिने | छ | २५ पु. | १४५ पु. | नभएको | नभएको | अपर्याप्त | सामान्य | राम्रो |

माथिको तालिका नं. ९ बाट कोशी प्रदेशका १४ वटै कारागारहरूको भौतिक अवस्था अन्तर्गत कारागार कक्षको आकार, क्षमता, संख्या, हावा प्रवेशको अवस्था, पानी चुहिने नचुहिने छतको अवस्था, महिला, पुरुष, बालबालिका साथमा रहे नरहेका, कारागारमा चर्पी, नुहाउने, धुने स्थान, सरसफाइ एवं सुरक्षा व्यवस्था जस्ता कुराहरूलाई अनुगमन गरिएकोमा ति कारागारहरूमा कैदी थुनुवाको संख्या ५,७९१ जना रहेको देखिन्छ र ती कारागारहरूको जम्मा क्षमता ३,४६१ रहेकोमा क्षमता भन्दा करिब डबल बढी कैदी थुनुवाहरू रहेको देखियो। कारागारमा रहेका कुल कैदी र थुनुवामा ५,५१२ जना पुरुष, २६९ जना महिला रहेकोमा कैदी र थुनुवाका आश्रित रहेका नाबालक संख्या १० जना रहेको देखिन्छ । पाँचथर कारागार निर्माणाधिन रहेकाले महिला कैदी र थुनुवाहरू ईलाम सारिएको छ। सुनसरीको झुम्का कारागार, मोरङ कारागार र इलामको कारागारको अवस्था र व्यवस्थापन तुलनात्मक रूपले राम्रो पाइयो।

तालिका नं. १०

खाना, सिधा तथा आरामको व्यवस्था

| क्र. स. | कारागार कार्यालय | सिधाको बिवरण | खानाको पटक | पानीको व्यवस्था | खाने पानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | 700 gram rice + Rs. 80/ day | २ | धारा | राम्रो | नियमानुसार | व्यवस्थित (बिजुलीको प्रयोगबाट भात पकाउने गरेको , २४ ट्रे capacity 1 tray = 5kg rice | छैन | छैन | बिस्तारा र ओढने दिएको |
| २. | जिल्ला कारागार कार्यालय, सुनसरी | ,, | ,, | ,, | ,, | ,, | व्यवस्थित कक्ष | छैन | छैन | ,, |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | ,, | ,, | धाराको | पानिको समस्या रहेको | ,, | सन्तोषजनक छैन | छैन | छैन, सानो ठाउ छ | ,, |
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | ,, | ,, | जारको पानी आफै किन्ने गरेको | धारा छैन पानीको समस्या | नियमानुसार | सामान्य | छैन | छैन | चिसोमा भुईमा बिस्तारा लगाई सुत्नुपर्ने |

| क्र. स. | कारागार कार्यालय | सिधाको बिवरण | खानाको पटक | पानीको व्यवस्था | खाने पानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | ,, | ,, | फिल्टरको | राम्रो | सुत्केरी नभएको | अपर्याप्त ठाँउ | छैन | छैन | तलमाथि गरि २ तहमा सुत्ने बनाएको |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | ,, | ,, | (मुहानको पानी फिल्टर गरी खाने) | पानीको समस्या | ,, | सामान्य | छैन | छैन | बिस्तारा र ओढने दिएको |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | ,, | ,, | फिल्टरको | राम्रो | ,, | ,, | छैन | छैन | ,, |
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | ,, | ,, | धाराको | राम्रो | ,, | ,, | छैन | छैन (एउटै भवनमा माथि कारागार प्रशासन, तल कारागार रहेको) | ,, |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | ,, | ,, | धाराको | सन्तोषजनक छ । | नरहेको | सामान्य | छैन | छैन | ,, |

| क्र. स. | कारागार कार्यालय | सिधाको विवरण | खानाको पटक | पानीको व्यवस्था | खाने पानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | जिल्ला कारागार कार्यालय, झापा | ,, | ,, | धाराको | राम्रो | ,, | राम्रो | छैन | छैन | ,, |
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | ,, | ,, | धाराको | राम्रो | ,, | सामान्य | छैन | छैन | ,, |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | ,, | ,, | ,, | पानीको समस्या | ,, | ,, | छैन | छैन | ,, |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | ,, | ,, | फिल्टरको | सुख्खामापानीक ो समस्या | महिला नरहेको | ,, | छैन | छैन | ,, |
| १४. | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | ,, | ,, | धाराको | ,, | ,, | ,, | छैन | छैन | बिस्तारा र ओढने दिएको |

माथि तालिका नं. १० मा उल्लिखित विवरण अनुसार कारागारमा रहेका कैदी थुनुवाहरूले सिधा खर्च वापत प्रतिदिन नियमअनुसार ७०० ग्राम चामल र रू ८० नगद प्राप्त गरी दिनमा २ पटक खाना खाने गरेको देखिन्छ । महिला कैदीहरूले सुत्केरी भएको अवस्थामा कानुन बमोजिम प्राप्त गर्ने थप सुविधासमेत प्राप्त गर्ने गरेको पाइयो । केही कारागारहरूमा सुख्खा याममा पानीको समस्या हुने गरेकोमा समग्रमा  खाना र पानीको अवस्था सन्तोषजनक देखियो । प्रायः सबै कारागारहरूमा शयन कक्ष अलग नरहेको तर भान्छाकोठा अलग रहेको एवम् धेरैजसो कारागारमा स्थानको अपर्याप्तता रहेको, झुल तथा खाटको व्यवस्था नभएको र अधिकांशमा सुत्नको लागि बिस्तारा मात्र उपलब्ध भएको पाइन्छ ।

तालिका नं. ११

स्वास्थ्य जाँच र औषधोपचार

| क्र. स. | कारागार कार्यालय | जाँच गर्ने स्वास्थ्यकर्मीको व्यवस्था | जाँच तथा उपचार कक्ष | औषधीको उपलब्धता | बिरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनापूर्व र मुक्त हुँदा स्वास्थ्य जाँच |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | ( १ अ. हे. व.) | छैन | प्राथमिक उपचारको र अन्य सामान्य औषधी मात्र | हाल बिरामी नरहेको | आवश्यकता अनुसार बाहिरको अस्पताल लगी उपचार गराउने गरेको | थुनापूर्व मात्र |
| २. | जिल्ला कारागार कार्यालय, सुनसरी | २ (अ. हे. व.) | ,, | ,, | ,, | ,, | ,, |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | दरबन्दी वमोजिम स्वास्थ्यकर्मी नरहेको | छैन | सामान्य | ,, | ,, | ,, |
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | दरबन्दीको स्वास्थ्यकर्मी नरहेको | छैन | स्वास्थ्यकर्मी नरहेकोले उपलब्धतामा समस्या छ | नियमित औषधि सेवन गर्ने १२ जना | ,, | ,, |

| क्र. स. | कारागार कार्यालय | जाँच गर्ने स्वास्थ्यकर्मीको व्यवस्था | जाँच तथा उपचार कक्ष | औषधीको उपलब्धता | बिरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनापूर्व र मुक्त हुंदा स्वास्थ्य जाँच |
|---|---|---|---|---|---|---|---|
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | १ अ. हे. व. | छैन | प्राथमिक उपचारको र अन्य सामान्य औषधी मात्र | सवारी दुर्घटनाको -१ बैशाखिमा हिन्ने-१, क्यान्सरको -१ र हात जलेको बिरामीले नियमित औषधि खाने गरेको | प्रभावकारी रुपमा कार्यान्वयन नभएको | थुनापूर्व मात्र |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | अ. हे. व.-१ | छैन | सामान्य | बिरामी नरहेको | आवश्यकता अनुसार बाहिरको अस्पताल लगि उपचार गराउने गरेको | थुनापूर्व मात्र |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | अ. हे. व. -१ | छैन | ,, | बल्ड प्रेसर, सुगर र मानसिक रोगको औषधी खाने गरेको | ,, | ,, |

| क्र. स. | कारागार कार्यालय | जाँच गर्ने स्वास्थ्यकर्मीको व्यवस्था | जाँच तथा उपचार कक्ष | औषधीको उपलब्धता | बिरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनापूर्व र मुक्त हुँदा स्वास्थ्य जाँच |
|---|---|---|---|---|---|---|---|
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | अ. हे. व. -१ | छैन | ,, | बिरामि नरहेको | ,, | ,, |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | अ. हे. व. -१ | छैन | ,, | ,, | ,, | ,, |
| १०. | जिल्ला कारागार कार्यालय, झापा | अ. हे. व.-१ | छैन | ,, | ,, | ,, | ,, |
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | ,, | छैन | सामान्य औषधी मात्र | ,, | ,, | ,, |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | अ. हे. व. सरुवा भई हाल नभएको | छैन | ,, | ,, | ,, | ,, |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | अ. हे. व. -१ | छैन | ,, | ,, | ,, | ,, |
| १४. | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | ,, | छैन | ,, | ,, | ,, | ,, |

तालिका नं. ११ मा उल्लिखित भएको विवरण अनुसार अनुगमन गरिएका कारागारहरूमा स्वास्थ्यकर्मीको रूपमा अ. हे. व. को दरबन्दी रहेकोमा केही ठाँउमा उपस्थिति नरहेको पाइयो र नियमित स्वास्थ्य जाँच हुने अवस्था देखिँदैन । त्यस्तै कारागारहरूमा स्वास्थ्य जाँच गर्ने कक्ष अलग नरहेको र थुनामा रहेको अवस्थामा पूर्व स्वास्थ्य जाँच गर्ने गरेको भएतापनि थुनाबाट मुक्त हुँदा स्वास्थ्य जाँच गर्ने गरेको पाइँदैन । सामान्य औषधीको उपलब्धता कारागार भित्रै हुने देखिन्छ । अनुगमनको समयमा कारागारहरूमा गम्भीर प्रकृतिका बिरामीहरू रहेको देखिँदैन । कारागारमा रहेका कैदी तथा थुनुवाहरूलाई आवश्यकता अनुसार थप उपचारका लागि बाहिर पठाउने गरेको पाइयो ।

तालिका नं. १२

पुस्तकालय तथा मनोरञ्जन

| क्र. स. | कारागार कार्यालय | पत्रपत्रिकाको उपलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्यायामशाला/ खेलकुद मैदान | शिपमूलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | संचार सम्पर्क | थप शिक्षाको अवसर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | छ | छ | छ | पर्याप्त छैन | मुढा, कपडा सिलाउने, डाइनिङ, furniture, गलैँचा, handicraft gift | पर्याप्त छैन | छ | छ |
| २. | जिल्ला कारागार कार्यालय, सुनसरी | छ | छ | छ | छ | मुढा, डाइनिङ, handicraft gift, पेन्टिङ | ,, | छ | छ |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | छैन | छ | अपर्याप्त | छैन | मुढा, वनाउने electrician training (1 month) | छैन | छ | छ |

| क्र. स. | कारागार कार्यालय | पत्रपत्रिकाको उपलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्यायामशाला/ खेलकुद मैदान | शिपमूलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | संचार सम्पर्क | थप शिक्षाको अवसर |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | छ | छ | छ | छैन | मुढा, हस्तकला, ढाका साडी, टोपि, सल | पर्याप्त छैन | छ | छ |
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | छ | छ | छ | छैन | मुढा, तान, ढाका साडी, टोपि, सल, उनी | छैन | छ | छैन |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | छ | छ | छ | छैन | मुढा, नाङलो, ढाका टोपि, डालो | छैन | छ | छ |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | छ | छ | छ | छैन | मुढा, नाङलो,ढाका टोपि, डालो, डोको | छैन | छ | छैन |
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | छ | छ | छैन | बाहिर व्ययाम गर्ने गरेको | मुढा, योगा तालिम दिएको | छैन | छ | छ |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | छ | छ | छ | छैन | ढाका, मुढा | छैन | छ | छैन |
| १०. | जिल्ला कारागार कार्यालय, झापा | छ | छ | राम्रो, व्यवस्थित | छ | मुढा, कपडा सिलाउने, डाइनिङ, furniture, गलैँचा, handicraft gift | छैन | छ | छ |

| क्र. स. | कारागार कार्यालय | पत्रपत्रिकाको उपलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्यायामशाला/ खेलकुद मैदान | शिपमूलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | संचार सम्पर्क | थप शिक्षाको अवसर |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | छ | छ | छ | छैन | मुढा, handicraft gift | छैन | छ | छ |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | छ | छ | छ | छ | मुढा, furniture, handicraft | छैन | छ | छ |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | छ | छैन | छुटै छैन | छैन | मुढा | छैन | छ | छ |
| १४. | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | छ | छ | छ | छैन | मुढा, furniture, handicraft gift | छैन | छ | छ |

माथि तालिका नं. १२ मा उल्लिखित विवरण अनुसार कारागारमा रहेका थुनुवा कैदीहरूको लागि पत्रपत्रिका उपलब्ध हुने गरेको, केहीमा पत्रिका अनियमित नभएको र टेलिभिजन पर्याप्त मात्रामा नभएको अवस्था देखियो। प्रायजसो कारागारहरूमा पत्रपत्रिका तथा रेडियो र टेलिभिजनको व्यवस्था रहेको देखिन्छ। सबैजसो कारागारमा पुस्तकालयको व्यवस्था राम्रो रहेको देखिएन। अधिकांश कारागारहरूमा व्यायामशाला, खेलकुद मैदानको व्यवस्था भएको देखिएन। सञ्चार सम्पर्क गर्ने सुविधा सीमित रहेको साथै आफ्नै खर्चमा गर्नेगरेको देखियो। सबै जसो कारागारमा थप शिक्षा, सीपमूलक तालिम र क्षमतायुक्त काम गर्ने अवसरको उपलब्धता पर्याप्त रहेको पाइएन।

तालिका नं. १३

भेटघाटको प्रवन्ध

| क्र. स. | कारागार कार्यालय | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्तसंग भेटघाट | कानून व्यवसायीसंग भेटघाट | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | बिदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | छ | छ | छ | छ | आवश्यकता अनुसार | छ | छ | परेको छैन परेमा दिने | माग भाए दिने |
| २. | जिल्ला कारागार कार्यालय, सुनसरी | छ | छ | छ | छ | आवश्यकता अनुसार समय दिएको | छ | छ | परेको छैन परेमा दिने | माग भाए दिने |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | छैन | छैन | छ | छ | ,, | ,, | ,, | ,, | ,, |
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | छैन | छ | छ | छ | विहान १०:०० देखि ३:०० बजेसम्म (आईतबार र मंगलबार बाहेक) | ,, | ,, | ,, | ,, |

| क्र. स. | कारागार कार्यालय | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्तसंग भेटघाट | कानून व्यवसायीसंग भेटघाट | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | बिदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | छैन | छैन | छ | छ | आइतबार र बुधवार, आवस्यकता अनुसार | गरेको छ | छ | ,, | ,, |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | छैन | छैन | छ | छ | १०-४ सम्म | गरेको छ | छ | ,, | ,, |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | छैन | छैन | छ | छ | विहान ८ देखि ४ सम्म (१५ मिनेट प्रति व्यक्ति) | गरेको छ | छ | ,, | ,, |
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | छैन | छैन | छ | छ | विहान १० देखि ३ सम्म | ,, | छ | ,, | ,, |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | छैन | छैन | छ | छ | विहान १०देखि ४ सम्म | ,, | ,, | ,, | ,, |

| क्र. स. | कारागार कार्यालय | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्तसंग भेटघाट | कानून व्यवसायीसंग भेटघाट | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | बिदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | जिल्ला कारागार कार्यालय, झापा | अपर्याप्त | छ | छ | छ | विहान ९ देखि ४ सम्म शनिवार नमिल्ने | ,, | ,, | ,, | ,, |
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | छैन | छ | छ | छ | आवश्यकता अनुसार | ,, | ,, | ,, | ,, |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | छैन | छ | छ | छ | १०-५ सम्म (१५-२० मिनेट) | दिने गरेको | छ | परेको छैन परेमा दिने | माग भाए दिने |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | छैन | छैन | छ | छ | १०-५ (२० मिनेट सम्म) | ,, | ,, | ,, | ,, |
| १४. | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | छैन | छैन | छ | छ | ९-४ सम्म (१०-१५ मिनेट) | ,, | ,, | ,, | ,, |

कारागारका कैदी र थुनुवाहरूले आफन्त तथा कानून व्यवसायीमार्फत भेटघाट गर्ने प्रबन्ध सम्बन्धमा तालिका नं. १३ मा उल्लिखित विवरण हेर्दा प्रायजसो कारागारहरूमा अलग हेल्पडेस्कको व्यवस्था नभएतापनि कैदी/ थुनुवाहरूले आफन्त र कानून व्यवसायीहरूसँग भेटघाट गर्ने अवसर प्राप्त गर्ने गरेको पाइन्छ। कैदी /थुनुवाहरूका आफन्तलाई आवश्यक परेको बेला खबर गरिदिने गरिएको, भेटघाटको अभिलेख राख्ने गरिएको, विदेशी कैदी/ थुनुवाहरूको लागि कुटनैतिक भेटघाट गर्न दिने अवस्था हालसम्म नपरेको र परेको अवस्थामा कुटनैतिक भेटघाट तथा दोभासेको सुविधासमेत उपलब्ध गराउन सकिने भनी खुलाएको अबस्था छ

तालिका नं. १४

थुनुवा, कैदी सम्बन्धी कागजात र तिनको अवस्था

| क्र. स. | कारागार कार्यालय | थुनुवा / कैदी पुर्जि दिए/ नदिएको | हतकडी नेल लगाउने वा गोलघरमा राख्ने गरे नगरेको | हदको अभिलेख | हद भन्दा बढी राखे/ नराखेको | पूर्व निर्देशनको पालना गरे/नगरेको | गैर जिम्मेवार उपर कार्वाही भए/ नभएको |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | दिएको | छैन | छ | नराखेको | गरेको छ | कानून बमोजिम गरेको |
| २. | जिल्ला कारागार कार्यालय, सुनसरी | १ जनाको कैदी पुर्जि नभएकोमा सम्बन्धित निकायमा समन्वय गरिएको | बाहिर अदालत वा अस्पताल जाँदा मात्र | छ | ,, | ,, | ,, |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | छ | ,, | | नराखेको | गरेको | ,, |
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | दिएको | ,, | छ | नराखेको | ,, | ,, |
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | ,, | ,, | ,, | नराखेको | ,, | ,, |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | दिएको | बाहिर अदालत वा अस्पताल जाँदा मात्र | छ | नराखेको | गरेको | कानून बमोजिम गरेको |
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | ,, | ,, | छ | ,, | ,, | ,, |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | ,, | ,, | छ | ,, | ,, | ,, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | जिल्ला कारागार कार्यालय, झापा | ,, | ,, | छ | ,, | ,, | ,, |
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | ,, | बाहिर जाँदा मात्र | छ | नराखेको | गरेको | कानून बमोजिम गरेको |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १४. | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | ,, | ,, | ,, | ,, | ,, | ,, |

कारागारमा रहने कैदी/थुनुवाहरूलाई थुनुवा तथा कैदीपूर्जी दिएर कारागारमा राख्ने गरिएको देखिन्छ । कारागार भित्र रहँदा कसैलाई पनि हतकडी नलगाउने, गोलघरमा नराखिने, सबै कैदी थुनुवाको थुना वा कैदमा बस्नुपर्ने हदको अभिलेख दुरुस्त राख्ने गरिएकाले कसैले पनि हदभन्दा बढी थुनामा बस्नु पर्ने अवस्था रहेको देखिएन । कारागार प्रशासनबाट पूर्व निर्देशनको पालना गर्ने गरेको र गैर जिम्मेवार कर्मचारीलाई कारबाही गर्ने अवस्था नआएको देखियो।

तालिका नं. १५

नाबालकको हेरचाह तथा सामाजिक संस्कारको प्रवन्ध

| क्र. स. | कारागार कार्यालय | नाबालक रहे /नरहेको | अनाथ भए हेरचाह | कैदी/ थुनुवाको मूत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मूत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट ब्यवहार भए/ नभएको |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | २ जना आश्रित | नभएको | गर्ने गरेको | गर्ने गरेको | दिने गरेको | गर्न दिईने | भएको |

| क्र. स. | कारागार कार्यालय | नाबालक रहे /नरहेको | अनाथ भए हेरचाह | कैदी/ थुनुवाको मूत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मूत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट ब्यबहार भए/ नभएको |
|---|---|---|---|---|---|---|---|---|
| | | बालबालिका | | | | | | |
| २. | जिल्ला कारागार  कार्यालय, सुनसरी | छैन | ,, | गर्ने गरेको | गर्ने गरेको | दिने गरेको | गर्न दिईने | भएको |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | २ जना | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | १ बालक | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | १ बालिका | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |

| क्र. स. | कारागार कार्यालय | नाबालक रहे /नरहेको | अनाथ भए हेरचाह | कैदी/ थुनुवाको मृत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मृत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट ब्यवहार भए/ नभएको |
|---|---|---|---|---|---|---|---|---|
| १०. | जिल्ला कारागार कार्यालय, झापा | १ नाबालक | ,, | ,, | ,, | ,, | ,, | ,, |
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | नरहेको | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | ३ नाबालक | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | छैन | ,, | ,, | ,, | ,, | ,, | ,, |
| १४. | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | छैन | ,, | ,, | ,, | ,, | ,, | ,, |

तालिका नं. १५ मा उल्लिखित विवरण अनुसार अधिकांश कारागारहरूमा, कैदीहरूको साथमा नाबालक नभएको र भएका हकमा कानून बमोजिम सुबिधा दिने गरेको भएपनि उक्त सुविधा पर्याप्त नरहेको, शिक्षादिक्षाको व्यवस्था नरहेको पाइयो । हाल कैदीहरूको कारागारमा मृत्यु भएको नपाईएको र मृत्यु भएको अवस्थामा शव परीक्षण गरी आफन्तलाई जिम्मा लगाउने, आफन्तलाई खबर गर्ने गरेको पाईयो ।

तालिका नं. १६

फरक किसिमले सक्षम व्यक्तिहरूको अभिलेख

| क्र. स. | कारागार कार्यालय | कैद/थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम | लिङ्ग र संख्या | अपाङ्ग मैत्री कक्षको व्यवस्था भए नभएको | अपाङमैत्री शिक्षा तथा मनोरञ्जनको व्यवस्था | बिशेष सहुलियत केहि प्रदान गरिएको भए खुलाउने |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला कारागार कार्यालय, मोरङ | नभएको | नभएको | नभएको | नभएको | छैन |
| २. | जिल्ला कारागार कार्यालय, सुनसरी | एउटा आँखा नभएको-१, खुट्टा राम्ररी नचल्ने-१ | २ | नभएको | नभएको | छैन |
| ३. | जिल्ला कारागार कार्यालय, धनकुटा | नभएको | नभएको | नभएको | नभएको | छैन |
| ४. | जिल्ला कारागार कार्यालय, संखुवासभा | खुट्टानभएकोनक्कलिखुट्टालगाएको | १ | नभएको | नभएको | छैन |
| ५. | जिल्ला कारागार कार्यालय, भोजपुर | बैशाखीमा हिन्ने-१, हात जलेको -१ | २ पु. | छैन | छैन | छैन |
| ६. | जिल्ला कारागार कार्यालय, खोटाङ | बाँया हात नभएको | १- पु. | छैन | छैन | छैन |
| ७. | जिल्ला कारागार कार्यालय, ओखलढुङ्गा | छैन | - | छैन | छैन | छैन |

| क्र. स. | कारागार कार्यालय | कैद/थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम | लिङ्ग र संख्या | अपाङ्ग मैत्री कक्षको व्यवस्था भए नभएको | अपाङमैत्री शिक्षा तथा मनोरञ्जनको व्यवस्था | बिशेष सहुलियत केहि प्रदान गरिएको भए खुलाउने |
|---|---|---|---|---|---|---|
| ८. | जिल्ला कारागार कार्यालय, सोलुखुम्बु | छैन | - | ,, | ,, | ,, |
| ९. | जिल्ला कारागार कार्यालय, तेर्हथुम | छैन | - | ,, | ,, | ,, |
| १०. | जिल्ला कारागार कार्यालय, झापा | छैन | - | ,, | ,, | ,, |
| ११. | जिल्ला कारागार कार्यालय, उदयपुर | नरहेको | - | | ,, | ,, |
| १२. | जिल्ला कारागार कार्यालय, ईलाम | कान नसुन्ने, बोल्न नसक्ने, एउटा आँखा नदेख्ने | ३ पुरुष | ,, | ,, | ,, |
| १३. | जिल्ला कारागार कार्यालय, पाँचथर | एउटा खुट्टा नभएको | १ पुरुष | ,, | ,, | ,, |
| १४. | जिल्ला कारागार कार्यालय, ताप्लेजुङ | हात नभएको | १ पुरुष | ,, | ,, | ,, |

तालिका नं १६ मा उल्लेख भए बमोजिम अनुगमन गरिएको कुनैपनि कारागार फरक क्षमता भएका कैदीबन्दीका लागि उपयुक्त नरहेको र अपाङ्गता भएकालाई कुनै विशेष सहुलियत भएको नपाईएको अवस्था छ।

- कारागार अनुगमनका क्रममा माननीय मुख्य न्यायाधीवक्ता ज्यूबाट तत्काल दिइएका निर्देशनहरू
  १. मानवअधिकार र मानवोचित व्यवहार सुनिश्चित गर्न निर्देशन दिइएको।
  २. स्वास्थ्योपचार, सरसफाइ, खानेपानी तथा आधारभूत सुविधाको व्यवस्था सुधार गर्न निर्देशन प्रदान गरिएको।
  ३. कैदी र थुनुवाहरूलाई कानूनी सहायताका लागी वैतनिक वकील र कानूनी सहायता अधिकृतसंग साथै प्रोबोनो सुबिधाको लागि सरोकारवालासंग समन्वय गर्ने।
  ४. कैदीहरूको पुनरावेदन लगायत कानूनी प्रकृयाहरू म्यादभित्रै पठाउने सहज वातावरण मिलाउने।
  ५. कैदी र थुनुवाहरूको लागि सिपमूलक, रोजगारमुखि र पुन:स्थापनामुखि तालिमको व्यवस्था मिलाउने।
- कारागार अनुगमन/निरीक्षणका क्रममा देखिएका समस्या तथा चुनौतीहरू
  १. हिरासत तथा कारागारका भौतिक पूर्वाधार जीर्ण तथा अपर्याप्त रहेको।
  २. क्षमता भन्दा बढी बन्दी तथा कैदी राखिएको अवस्था रहेको।
  ३. स्वास्थ्य सेवा, औषधोपचार तथा मनोसामाजिक परामर्श सेवामा कमी रहेको।
  ४. स्वच्छ खानेपानी, सरसफाई तथा आधारभूत सुविधाको अभाव रहेको।
  ५. नि: शुल्क कानूनी सेवाको प्रभावकारी कार्यान्वियन भएको नदेखिएको।

## परिच्छेद तिन:
## निष्कर्ष तथा सुझावहरू

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशद्वारा आर्थिक वर्ष २०८२/०८३ मा कोशी प्रदेशका १४ वटै जिल्लाका कारागार र हिरासत कक्षको अवलोकन, अनुगमनबाट प्राप्त विवरण एवं सरोकारवालाहरूसँगको अन्तरक्रिया मार्फत प्राप्त पृष्ठपोषणबाट देखिएका व्यावहारिक समस्या एवं ती समस्या समाधानका लागि अनुगमनकर्ताहरूले दिएका सुझावहरूको आधारमा थुनुवा तथा कैदीको व्यवस्थापनको क्रममा देखिएका सकारात्मक पक्षहरू एवं सुझावहरू यस परिच्छेदमा उल्लेख गरिएको छ।

### ३.१ सकारात्मक पक्षहरू

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरू साथै अन्य निकायबाट समय समयमा हुने गरेको कारागार र हिरासत कक्षहरूको अनुगमनले कैदी र थुनुवाहरू उपर मानवोचित व्यवहार गर्न सम्बन्धित निकायहरू संवेदनशील हुन थालेको देखिएको छ। कारागार र हिरासतहरूमा कैदी र थुनुवाहरू प्रति मानवोचित व्यवहार भएको व्यहोरा स्वयं कैदी र थुनुवाहरूले व्यक्त गरेको पाईएको छ। थुना र कैदमा राख्दा पुर्जी दिएर मात्र राखिएको र कानुन बमोजिम म्याद थप गरी थुनामा राखिएको साथै कैदीको कैद हदको अभिलेख राखि हदभन्दा बढी राखिएको नदेखिएको। केही कारागारहरूमा सीप विकास र आय आर्जन हुने खालका कार्यक्रम सञ्चालनमा रहेका छन् (धनकुटा जिल्ला

कारागारमा कैदीहरूलाई विद्युतिय (electrician ) तालिम,सोलुखुम्बु कारागारमा योगा प्रशिक्षण दिईएको । कारागार र हिरासतमा थुनुवा र कैदीहरूको आधारभूत स्वास्थ्य उपचारको प्रबन्ध गरिएको छ । नयाँ निर्माण भएका र हुन लागेका कारागार र हिरासतमा सुविधासम्पन्न भवनहरू तथा कक्ष निर्माण हुन थालेका छन् ।

जिल्ला प्रहरी कार्यालय मोरङका थुनामा रहेका थुनुवाहरूलाई हप्ताको १-२ घण्टा counselling गर्ने, थुनुवाहरूको लागि डाईनिङ हलको व्यवस्था छ । कारागार र हिरासतहरूमा आफन्त तथा कानुन व्यवसायीहरूसँग भेटघाट गर्न सहजै दिने गरेको पाईन्छ । कारागार र हिरासतमा कैदी र थुनुवाको लागि पत्रपत्रिकाको उपलब्धता र पुस्तकालयको व्यवस्था पनि हुन थालेको देखिन्छ । उच्च अदालत,जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग र महान्यायाधिवक्ताको कार्यालयबाट नियमित रूपमा अनुगमन समेत हुने भएकाले कारागारहरूका कैदी तथा थुनुवाको व्यवस्थापनमा क्रमशः सुधार हुँदै गएको देखिन्छ ।

३.२ कारागार एवं हिरासत कक्षका समस्याहरू:

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशद्वारा आर्थिक वर्ष २०८२/०८३ मा कोशी प्रदेशका १४ वटै जिल्लाका कारागार र अधिकांश हिरासत कक्षको अवलोकन, अनुगमनबाट पहिचान भएका समस्याहरूमा:

- कारागारमा रहेका कैदी र थुनुवाहरूले सिदा वापत पाउने दैनिक सात सय ग्राम चामल र रू. ८०/- ज्यादै कम भएको र जरिवाना बापत कट्टा हुने रकम समेत कम भएकाले यसमा पुनर्विचार गर्न कैदीहरूको माग रहेको देखिन्छ।
- कतिपय कारागारमा सीप विकास एवं रोजगारमूलक कार्यको अवसरको अभाव रहेको छ।
- जीर्ण भौतिक अवस्था तथा धेरैजसो कारागार र हिरासतमा सुत्नको लागि सामान्य खाटको समेत व्यवस्था नभएको पाईएको छ।
- कारागारहरूमा क्षमताभन्दा वढी मात्रामा थुनुवा र कैदीहरू रहेका छन्।
- कतिपय कारागारमा स्वास्थ्यकर्मीको पद रिक्त रहेको तथा औषधीको उपलब्धता पर्याप्त नभएको देखिन्छ ।
- आफन्त तथा कानून व्यवसायीसँग भेटघाटका लागि अलग कोठा नभएको कारणले कैदी र थुनुवाको गोपनीयता कायम हुन नसक्ने अवस्था देखिन्छ ।
- धेरैजसो कारागार र हिरासतमा कैदी र थुनुवाको लागि कानूनी औपचारिक शिक्षा र साक्षरता कार्यक्रमको कमी रहेको देखिन्छ ।
- कैदी र थुनुवालाई एकै ठाउँमा राख्ने गरिएको र कम उमेरका कैदीलाई अलग राख्नु पर्नेमा सो गरिएको पाइएन।
- केही कारागार र हिरासतमा कानुन व्यवसायीसँग भेटघाट गर्न दिएको सम्बन्धी अभिलेख राख्ने गरेको पाइएन ।
- फरक किसिमका क्षमता भएका (अपाङ्गता भएका), तेस्रो लिङ्गी र ज्येष्ठ नागरिकको लागि हिरासत र कारागारमा विशेष प्रबन्ध भएको देखिँदैन ।

- कातिपय कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी भए पनि दरबन्दी पूर्ति नभएको र नियमित रूपमा कैदी र थुनुवाको स्वास्थ्य परीक्षण हुने गरेको देखिएन।
- केही हिरासत तथा कारागारमा पानीको समस्या रहेको देखिएको छ।
- सङ्खुवासभा जिल्लामा हिरासत कक्ष र कारागार अदालतभन्दा टाढा रहेकाले मुद्दा सुनुवाइमा बन्दीलाई अदालतमा उपस्थित गराउन समस्या रहेको पाईयो।
- खोटाङ जिल्ला कारागारमा गाडीको सुविधा नभई कैदीलाई अदालत र अस्पताल लैजाँदा हतकडि लगाई ५ किलोमिटरको बजारको बाटो करिब १-१.५ घण्टा हिडाई लैजाने गरेको पाईयो।
- तराईमा तातो र पानीको समस्या तथा हिमाल र पहाडमा चिसोको कारण अधिकाँश कैदीबन्दीलाई छाला सम्बन्धी समस्या रहेको पाईयो।
- अधिकांश कारागारहरूमा भेटघाट कक्षको व्यवस्था नरही उभिएर कुरा गर्नुपर्ने अवस्था रहेकोले जेष्ठ नागरिक र गर्भवती महिलाको लागि भेटघाट सहज नरहेको।
- वैतानिक वकीलहरूले प्रभावकारी रूपमा कानूनी सेवा दिएको नपाईएको साथै कानूनी सहायता अधिकृतको बारेमा कुनैपनि कारागारमा थाहा जानकारी नरहेको।

**३.३ सुझावहरू:**

फौजदारी कानुनको उल्लङ्घन गर्ने व्यक्तिलाई कारागारमा राख्नुको उद्देश्य उसलाई सुधार गरी समाजमा पुन:स्थापना गर्नु पनि हो। यसका लागि कारागारमा रहंदा कैदीहरूमा समाजमा पुनस्थापित हुनका लागि आवश्यक पर्ने ज्ञान, सीप, नैतिकता र आत्मविश्वासको विकास गरिनु जरुरी हुन्छ। वर्तमान कारागारको व्यवस्थापन, कारागार र हिरासतको भौतिक संरचना, त्यहाँबाट प्राप्त हुने सेवा सुविधा एवं त्यहाँ गरिएका व्यवस्थाहरूले कैद भुक्तान गरी निस्कँदा उनीहरूलाई समाजमा सजिलै पुन:स्थापित हुन सक्ने देखिँदैन। राज्यले स्रोत र साधनले धान्न सक्ने गरी कारागार र हिरासत सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन नगरेसम्म उल्लेखित समस्याको समाधान हुने सक्ने देखिँदैन। उल्लेखित समस्याहरूको समाधानका लागि सम्बन्धित जिम्मेवार निकायहरूबाट तत्काल र दीर्घकालमा गर्नुपर्ने सुधार कार्यका सम्बन्धमा देहाय अनुसारका सुझावहरू प्रस्तुत गरिएको छ:

१) हिरासत र कारागार कक्षको सुधार: अनुगमनको क्रममा धेरै स्थानमा हिरासत र कारागार कक्षको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको देखिएको छ। हिरासत र कारागार कक्षमा दोहोरो हावा र पर्याप्त प्रकाश पुग्ने, कक्ष भित्रै शौचालय, स्नानकक्ष, अध्ययन कक्ष र मनोरञ्जन स्थलको व्यवस्था हुन सक्ने गरी हिरासत र कारागार कक्ष न्यूनतम मापदण्ड सहितको निर्माण गर्न जरुरी छ।

२) कानुनमा उल्लेखित मापदण्ड अनुसार भवन निर्माण: अनुगमनको क्रममा प्राय: सबैजसो कारागार एंवम हिरासत कक्षमा क्षमताभन्दा बढी व्यक्तिहरू राखेको पाइयो। सो अवस्थालाई मध्यनजर गर्दै सबै पुराना र जीर्ण कारागार र हिरासत कक्ष रहेका जिल्लामा कैदी तथा थुनुवालाई सहज रूपमा राख्न सकिने गरी तथा भविष्यको आवश्यकताको समेत आकलन गरी निर्धारित मापदण्ड अनुसार प्राथमिकताका साथ

नयाँ कारागार र हिरासत कक्ष निर्माण गर्ने । साथै सुरक्षाकर्मी बस्ने ठाउँ विशेष प्राथमिकता पूर्वक व्यवस्थित गर्ने ।

३) खाना,खानेपानी,कपडा लगायतका आधारभूत वस्तुको व्यवस्था: मानवोचित व्यवहारको पहिलो पूर्वशर्त आधारभूत आवश्यकताको परिपूर्ति र मर्यादित रूपमा आफ्नो दैनिक जीवन चलाउन पाउने अधिकार नै हो । आफैँले खाना बनाई खान चाहने विशेष अवस्थाका कैदी र थुनुवाहरूको लागि खाना पकाउने अलग स्थान उपलब्ध गराउन आवश्यक देखिन्छ । धेरैजसो हिरासत र कारागारमा स्वच्छ पानीको पर्याप्त आपूर्तिको व्यवस्था गर्ने एवं पिउने पानीका लागि पानी निर्मलीकरण गर्ने प्रविधि जडान गर्ने । हिमाली क्षेत्रका कारागारमा कैदीवन्दीलाई पर्याप्त कपडाको ववस्था गराउने ।

४) कारागार तथा हिरासत कक्षको स्तरोन्नति तथा कैदी बन्दीको स्थानान्तरण: अनुगमन गरिएका धेरैजसो कारागारको अवस्था भौतिक रूपमा जोखिमपूर्ण देखिएको छ । राज्यले नियन्त्रणमा लिएको व्यक्तिको सुरक्षाको प्रत्याभूति गर्नु राज्यको कर्तव्य नै हो । त्यसैले पुराना र जीर्ण कारागार मर्मत सुधारको लागि पर्याप्त बजेटको व्यवस्था गरी सुधार कार्य गर्ने । कारागारको क्षमताभन्दा बढी भएका कैदी र थुनुवालाई कम कैदी र थुनुवा भएको कारागारमा तथा निजहरूको पायक पर्ने स्थानमा स्थानान्तरण गर्न वा कारागारको अन्य वैकल्पिक व्यवस्था (जस्तै: Prefab House बनाउने) गर्नुपर्ने ।

५) ऊर्जा तथा इन्धनको व्यवस्था र सुलभता: कारागारहरूमा बिजुली बत्तीको यथोचित बन्दोबस्त तथा खाना पकाउने इन्धनको अभाव रहेको देखिँदा बिजुली बत्ती र खाना पकाउने इन्धनको पर्याप्त व्यवस्था गर्ने । दीर्घकालीन रूपमा शौचालय तथा फोहरबाट ऊर्जा उत्पादन गरी बत्ती र खाना पकाउने कार्यमा प्रयोग गर्न बायो ग्यास प्लान्टको निर्माण गर्ने विकल्पको बारेमा समेत विचार गरी सुधारको प्रक्रिया थालनी गर्न उपयुक्त हुने।

६) गुनासो सुनुवाईको व्यवस्था: प्रत्येक हिरासत र कारागारमा सहज रूपमा कैदी र थुनुवाका गुनासो र समस्या सुनी तत्काल समाधान गर्ने प्रबन्ध मिलाउने ।

७) सिदा खर्चको समयानुकूल उपलब्धता: थुनुवा र कैदीले प्राप्त गर्ने सिदा वापतको दैनिक रकम रू.८० र ७०० ग्राम चामल पर्याप्त नदेखिई दैनिक सिदाको रकमलाई समयानुकूल पुनरावलोकन गर्न आवश्यक रहेको छ । सो कार्य गर्दा बजार मूल्यलाई आधार मानी तराई, पहाड र हिमाली क्षेत्रमा फरक-फरक रकम तोक्न उपयुक्त देखिन्छ ।

८) स्वास्थ्य जाँचको व्यवस्था: कारागारमा कैदी बन्दीको नियमित स्वास्थ्य जाँचको प्रबन्ध गर्ने साथै स्वास्थ्यकर्मीहरूको दरबन्दी पूर्ति गर्ने र सो पूर्ति गर्न तत्काल नसकिएमा स्थानिय अस्पतालका चिकित्सक वा निकायबाट उनीहरूको नियमित परीक्षण तथा उपचारको प्रबन्ध गर्ने । यसको अतिरिक्त ५०० जना र सोभन्दा बढी कैदी र थुनुवा रहेका कारागारहरूमा कारागार भित्रै स्वास्थ्य उपचार केन्द्र बनाउने र चिकित्सकको व्यवस्था गर्ने । हिरासत तथा कारागारका बिरामीहरूको लागि नि:शुल्क औषधिको व्यवस्था हुन आवश्यक छ । साथै थुना र कैदबाट छाड्दा पनि अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराई सोको अभिलेख अद्यावधिक रूपमा राख्नुपर्ने कानुनी व्यवस्थाको पूर्ण पालना गर्ने । कैदीबन्दीहरूको स्वास्थ्य बिमाको व्यवस्था गर्नुपर्ने।

९) बिरामी कैदीहरूको पृथकीकरण गरी व्यवस्थापन: कैदी /बन्दीहरुमध्ये गम्भीर रोगी, ज्येष्ठ नागरिक, तेस्रो लिङ्गी, फरक किसिमको क्षमता (अपाङ्गता) भएका कैदी/ बन्दीहरू, गम्भीर अपराधका कैदीहरूलाई समानताको सिद्धान्त प्रतिकूल नहुने गरी पृथकीकरण गरी राख्ने गरी व्यवस्थापन गर्नुपर्ने ।

१०) आय आर्जनका लागि उत्पादनमूलक काम: थुनामा रहेका व्यक्तिको श्रम राष्ट्र निर्माणमा लगाउन सकेमा मुलुकको विकासमा समेत योगदान पुग्न जाने, काम नगरी बस्ने जनशक्तिमा उत्पन्न हुने कुण्ठा र नैराश्यताको अन्त्य हुने भएकाले थुनामा रहेका ऊर्जाशील जनशक्तिको उपयोग गर्न राज्यले न्यूनतम पारिश्रमिक तोकी विकासमूलक वा रोजगारमूलक कार्यमा परिचालन गर्ने नीति बनाउने । विशेष सीप र क्षमता भएका थुनुवा वा कैदीहरूको अभिलेख राख्ने, सो अनुसार उनीहरूको रुचिलाई समेत आधार बनाई योजना निर्माण गर्ने र उत्पादनमूलक कार्य गर्ने गरी उचित व्यवस्था गर्न आवश्यक छ । जसले आय आर्जन गर्ने सीप विकास गर्ने र कैद मुक्त भएपछि पनि जीविकोपार्जन गर्ने उद्यमशीलता विकास भई समाजमा पुन:स्थापित हुन सहज हुने हुँदा सम्भव भएसम्म उत्पादनमूलक सीप विकासको अवसरहरू विकास गर्ने ।बिभिन्न कारागारको कैदीहरूबाट निर्मित ढाकाको कपडा, उनिको कपडा, गलैँचा, फर्निचर, ह्यान्डिक्रयाफ्ट गिफ्टहरू, गार्मेन्ट कपडा को उचित बजार व्यवस्थापन र आय आर्जन गर्ने वातावरणको सुनिश्चितता गराउनु जरूरी छ।

११) शिक्षा र तालिमको व्यवस्था: वर्तमान परिपक्ष्यमा कारागारलाई सुधारगृहको रुपमा स्वीकारेको हुँदा कारागारमा रहेका कैदीहरूको लागि औपचारिक शिक्षा तथा सीपमूलक तालिम व्यवस्थापन गर्न आवश्यक छ । कारागारमा रहेका ऊर्जाशील व्यक्तिलाई रोजगारमूलक तथा व्यावसायिक तालिमको व्यवस्था गरी सीपमूलक कार्यबाट आय आर्जन गर्न सक्ने बनाउने । कैदी बन्दीले उत्पादन गरेका सामग्रीको बिक्री वितरणको लागि बजारको व्यवस्था, कच्चा पदार्थको सहज आपूर्तिको व्यवस्था गरिनु उपयुक्त हुन्छ । साथै अनुशासन, आचरण र चरित्र सुधारका विषयमा नैतिक शिक्षा साथै आध्यात्मिक एवं बौद्धिक ज्ञानको व्यवस्था गर्नुपर्ने ।

१२) **विशेष प्रकारका कैदीहरूको लागि छुट्टै कारागारको व्यवस्था:** मुलुकी अपराध संहिताले केही विशेष प्रकारका अपराधमा आजीवन कारावासको व्यवस्था गरेकोले त्यस्ता मुद्दामा आजीवन कैद लागेका र सुरक्षा संवेदनशीलताको आधारमा छुट्टै राख्नुपर्ने प्रकृतिका कैदीहरूलाई राख्नका लागि छुट्टै कारागारको निर्माण गर्नुपर्ने र सो नभएमा कारागार भित्र विशेष कक्ष वा स्थानको व्यवस्था हुन उपयुक्त हुने देखिन्छ ।

१३) सवारी साधनको व्यवस्था: कतिपय कारागारहरूमा थुनुवाहरूलाई अदालतमा ल्याउन लैजान, बिरामी हुँदा अस्पताल पुर्‍याउन सवारी साधनको राम्रो व्यवस्था देखिँदैन । उपलब्ध भएका सवारी साधन पनि मर्मत सम्भार र इन्धनको अभावमा प्रयोग विहीन अवस्थामा रहेको पाइँदा प्रत्येक कारागारमा पर्याप्त इन्धनको व्यवस्थापन सहितको उपयुक्त सवारी साधनको उपलब्ध हुन आवश्यक छ ।

१४) भेटघाट कक्ष र अभिलेखको व्यवस्था: थुनुवा राख्ने प्रत्येक कार्यालयले भेटघाट गरेको देखिने तर निजहरूले एक आपसमा गरेको कुरा अरूले सुन्न नसक्ने गरी अलगै भेटघाट कक्षको व्यवस्था गर्नुपर्ने

। यसैगरी थुनुवा तथा कैदीलाई भेट्न आउने आफन्त, परिवार तथा कानून व्यवसायीहरूले भेट गर्न आएको समय, मिति समेत उल्लेख गरी अभिलेख राख्ने परिपाटी विकास गर्ने ।

१५) **पाठ्यसामग्रीको प्रबन्ध:** कारागार र हिरासतमा रहेका कैदी / थुनुवाका लागि पत्रपत्रिका र पुस्तकहरू पर्याप्त मात्रामा रहेको पाइएन । थुनुवा / कैदीको शैक्षिक विकास र उनीहरूको सुसूचित हुन पाउने अधिकारको प्रत्याभूतिका लागि प्रत्येक थुनुवा र कैदी रहने स्थानमा पुस्तकालय वा पत्रपत्रिका अध्ययन गर्ने स्थान साथै नियमित रूपमा पत्रपत्रिका उपलव्ध हुने प्रबन्ध गरिनु पर्दछ ।

१६) भौतिक प्रमाण परीक्षण समयमै गर्न विधिविज्ञान प्रयोगशाला स्थापना: अनुसन्धानको क्रममा विधिविज्ञान प्रयोगशालाहरूमा परीक्षण गर्न पठाईएका भौतिक प्रमाणको समयमै परीक्षण भई आउन लामो समय लाग्ने भएकाले अनुसन्धानको क्रममा लामो समय हिरासतमा रहनु पर्ने मुद्दाको कारबाही समेत प्रभावित भई मुद्दाको कारबाही र किनारा गर्न लामो समय लाग्ने भएकाले विधिविज्ञान प्रयोगशालाहरू प्रत्येक प्रदेशमा कम्तीमा एक-एक वटा स्थापना गर्नुपर्ने गरी सरकारको तर्फबाट बजेटमा व्यक्त प्रतिबद्धता अनुरूप प्राथमिकताका साथ कार्य प्रारम्भ गर्ने ।

१७) **कैद छुट सम्बन्धी व्यवस्थामा पारदर्शिता कायम गर्ने:** कैद छुटको सुविधा दिने सम्बन्धमा एकरूपता कायम गर्ने र सो सम्बन्धमा समयमै निर्णय गरी सम्बन्धित व्यक्तिलाई जानकारी दिई कैद छुट सम्बन्धी विषयलाई व्यवस्थित र पारदर्शी बनाउनु पर्ने, कैद छुट हुने मुद्दाको प्रकृति र कैद छुट हुने सीमाका सम्बन्धमा समेत स्पष्ट आधार सहित कानूनी व्यवस्थाको पुनरावलोकन हुनु पर्ने देखिएको छ ।

१८) **थप बालसुधार गृहको स्थापना र स्तरोन्नति:** मुलुकी अपराध संहिताले अठार वर्ष मुनिकालाई बालबालिकाको परिभाषामा समेटेको हुँदा कम्तिमा हरेक उच्च अदालत भएको स्थानमा कम्तीमा एक-एक वटा बालसुधार गृह स्थापना गर्ने । साथै हाल देशभर सञ्चालनमा रहेका बालसुधार गृहमा रहेका बालबालिकाको संख्या हेर्दा प्रत्येक बालसुधार गृहमा एउटा माध्यमिक विद्यालयको लागि चाहिने विद्यार्थी संख्या पुग्ने देखिन्छ । यसर्थ सरकारले प्रत्येक बालसुधार गृहमा कक्षा ५ देखि कक्षा १२ सम्म अध्यापन गराइने गरी कक्षा सञ्चालन गर्ने, विद्यालयको पाठ्यक्रममा व्यावसायिक, सीपमूलक र चरित्र सुधार जस्ता विषय समावेश गर्ने र बालसुधार गृहको स्तरोन्नति गरी बालसुधार गृहलाई नमुना विद्यालयको रूपमा परिणत गर्नु उचित देखिन्छ ।

१९) **थुनुवा तथा कैदी मैत्री व्यवहार गर्ने:** मानवोचित व्यवहारका लागि सरकारी एवं सार्वजनिक जिम्मेवारीमा बसेका व्यक्तिहरूले विशेष अग्रसरता देखाउनु पर्दछ । कारागार प्रशासन तथा प्रहरी कर्मचारीहरूबाट थुनुवा तथा कैदीहरू प्रति गरिने व्यवहार र बोलिचाली मैत्रीपूर्ण हुन आवश्यक छ । हिरासत र कारागारका जनशक्तिलाई थुना तथा कैदमा परेका व्यक्तिको अधिकार, उनीहरू प्रति गरिनु पर्ने मानवोचित व्यवहारका बारेमा प्रशिक्षित गराउनु जरुरी देखिन्छ । आवश्यकता अनुसार सूचना र साइनपोस्टहरूको व्यवस्था गरी अधिकारमुखी अवधारणा विकास गराउने कार्यक्रमहरू सञ्चालन गर्ने । कारागार प्रमुख र सुरक्षा प्रमुखले कम्तीमा हप्ताको दुई पटक सबै कैदी र थुनुवाहरूसँग भेटघाट गर्ने र सबै कक्षहरूको निरीक्षण गर्न उपयुक्त हुन्छ।

२०) **उजुरी पेटिकाको व्यवस्था र उजुरीको सुनुवाइ:** कैदी र हिरासतमा रहेकाहरूको मानव अधिकारको उल्लङ्घन भए नभएको, उनीहरूलाई मानवोचित व्यवहार गरिए नगरिएको सम्बन्धमा महान्यायाधिवक्ता समक्ष उजुरी गर्नका लागि सबै कारागार र हिरासत कक्षमा कैदीहरूको पहुँच हुने गरी उजुरी पेटिका राख्ने र कम्तीमा प्रत्येक पन्ध्र दिनमा सम्बन्धित सरकारी वकीलको रोहबरमा सो उजुरी पेटिका खोली त्यस्तो उजुरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था गर्ने गरी प्रभावकारी रूपमा लागू गर्ने।

२१) **न्यायमा पहुँच सम्बन्धी व्यवस्था:** अदालतसँग समन्वय गरी वैतनिक वकील साथै कानूनी सहायता अधिकृत, कारागार र हिरासतमा नियमित रूपमा उपस्थिति हुने व्यवस्था मिलाई कैदी बन्दीको न्यायिक प्रक्रियामा पहुँच सहज हुने व्यवस्था गर्ने । आवश्यकता अनुसार दुई सय जनाभन्दा बढी थुनुवा र कैदीहरू भएको कारागारमा १ जना कानूनी सहायता अधिकृतको व्यवस्था गरी नियमित रूपमा कानूनी विषयमा जानकारी दिन र कैदी बन्दीसँग नियमित भेटघाट गर्न पाउने प्रबन्ध गराउने । मुद्दाको कारबाहीमा शीघ्रता र कारबाहीको जानकारी समयमै पाउने व्यवस्था गर्ने। सरकारी वकील कार्यालय एवं अदालत प्रशासनसँग समन्वय गरी फैसला र आदेशहरू समयमै प्राप्त हुने व्यवस्था गर्ने ।

२२) **खुला कारागारको अवधारणा कार्यान्वयन:** सामुदायिक सेवा र खुला कारागारको अवधारणा व्यवहारमा ल्याउन यथाशीघ्र खुला कारागारको निर्माण सम्पन्न गर्नुपर्ने।

२३) **विशेष सुविधाको व्यवस्था:** महिला कैदी/बन्दीको हकमा प्रसूति स्याहार र शिशु स्याहारको लागि थप विशेष सुविधा एंवम ज्येष्ठ नागरिकलाई समेत विशेष सुविधाको व्यवस्था गर्नु पर्ने।

२४) **विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता:** विशेष प्रकृतिका मुद्दामा पक्षको पहिचान गोप्य राखिने निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि कारागार प्रशासनका जनशक्तिलाई प्रशिक्षण प्रदान गर्नु पर्ने।

२५) **साइन पोस्टको व्यवस्था:** कैदी/बन्दीले पालना गर्नु पर्ने आचार संहिता स्पष्ट बुझिने गरी देखिने स्थानमा राख्ने, संविधानद्वारा प्रत्याभूत न्याय सम्बन्धी हक र कैदी बन्दीका अधिकारको बारेमा साइनपोस्ट तयार गरी सबै कारागार तथा हिरासत कक्षमा राख्न आवश्यक व्यवस्था गर्नु उपयुक्त हुन्छ

२६) **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयन:** यो ऐनले सजायको कार्यान्वयनका लागि गरिएको हालसम्मको अभ्यासका विभिन्न स्वरुपहरु मध्ये प्रोबेसन, प्यारोल, सामुदायिक सेवा, साप्ताहान्त कारागार, रात्रिकालीन कारागार, खुला कारागार, लगायतका अभ्यासको व्यवस्था गरेको छ। यी व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक कानूनी, नीतिगत एवं भौतिक पूर्वाधारको विकासका लागि प्राथमिकताका साथ कार्य गर्नु पर्ने देखिन्छ।

### ३.४ निष्कर्ष

मुलुकको राजनीतिक व्यवस्थामा भएको परिवर्तन, शासकीय स्वरुपमा भएको रूपान्तरण र कानूनी प्रणालीको आधुनिकीकरणसँगै अब समग्र राज्य व्यवस्थालाई सुशासनको सूचकको आधारमा सकारात्मक परिवर्तन तर्फ अगाडि लैजानुपर्ने टड्कारो आवश्यकता देखिएको छ। राज्यले समाजमा शान्ति सुव्यवस्था कायम गर्दै जनधनको

सुरक्षा गर्नको निमित्त अपराधको अनुसन्धानको सिलसिलामा शङ्कित व्यक्तिलाई कानून बमोजिम हिरासतमा लिने, मुद्दा पूर्पक्षको क्रममा थुनामा राख्ने र अदालत वा न्यायिक निकायबाट कसूरदार ठहर भएपछि कानुन बमोजिम फैसला कार्यान्वयनका लागि कारागारमा राख्ने कार्य फौजदारी न्याय प्रशासन भित्रका अभिन्न प्रक्रिया हुन्। हाल मुलुकी अपराध संहिता समेतका कानूनले नयाँ कसूरहरू परिभाषित गरेको अवस्था एकतर्फ रहेको छ भने अर्कोतर्फ जनसङ्ख्याको वृद्धि र नयाँ नयाँ प्रविधिको विकास सँगै अपराधको प्रकृति एंवम अपराधिक कृयाकलापमा समेत सङ्ख्यात्मक  वृद्धि हुँदा थुनुवा र कैदीको सङ्ख्यामा ठूलो चाप पर्न गएको छ। यस अनुगमनका क्रममा देशका विभिन्न कारागारहरूमा कैदी थुनुवाहरूले नियमानुसार सिदा खर्च (खाद्यान्न र नगद) तथा महिलाहरूले सुत्केरी अवस्थामा थप कानूनी सुविधा प्राप्त गरेको र खानेपानीको अवस्था सामान्यतया सन्तोषजनक रहेको पाइए पनि भौतिक एवं संरचनागत रूपमा गम्भीर चुनौतीहरू विद्यमान छन्। प्रायः सबै कारागारहरूमा शयन कक्ष र भान्छा अलग नभएको, अत्यधिक सङ्ख्याका कारण स्थानको गम्भीर अपर्याप्तता रहेको, झुल तथा खाटको अभावमा भुइँको ओछयान मात्र उपलब्ध भएको, र स्वास्थ्यकर्मीको दरबन्दी भए तापनि पदपूर्ति नहुँदा नियमित स्वास्थ्य जाँचको प्रबन्ध हुन नसकेको देखिन्छ। यसका साथै, पुस्तकालय, व्यायामशाला र खेलकुद मैदान जस्ता पूर्वाधारको अभाव हुनुका साथै थप शिक्षा र सीपमूलक तालिमको पर्याप्त अवसर पाइएको छैन; यद्यपि आफन्त र कानून व्यवसायीसँगको भेटघाट, हतकडी वा गोलघरमा नराख्ने मानवीय व्यवहार र कैद अवधिको दुरुस्त अभिलेख राख्ने कार्यमा भने सकारात्मक सुधारहरू देखिएका छन्। तसर्थ, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्तावेजहरूले तोकिदिएको न्यूनतम मापदण्ड र प्रत्याभूत गरेका मानव अधिकारहरूको व्यावहारिक कार्यान्वयनका लागि कारागार प्रशासनको कानूनी, भौतिक एवं संरचनागत पुनरावलोकन गर्दै यस प्रतिवेदन मार्फत उजागर गरिएका समस्या र सुझावहरूका आधारमा आगामी नीति र कार्यक्रम निर्धारण गरी कैदी बन्दीको अवस्थामा व्यापक सुधार ल्याउनु नेपाल सरकार, कोशी प्रदेश सरकार र सम्बन्धित सरोकारवाला निकायहरूको तत्कालको दायित्व देखिन्छ।

अनुसूची-१

# अनुगमन निरिक्षण सम्बन्धि तस्बिरहरु :




























विराटनगर महानगरपालिका वडा एरिया








कारागार कार्यालय




जिल्ला प्रहरी कार्यालय






कारागार कार्यालय

## अनुसूची-२

## Annex 1 (कैदिबन्दिले अनुगमन निरिक्षणका क्रममा पेश गरेका निवेदनहरू)

**यहाँ उपस्थित सम्पूर्ण सम्मानित [redacted] ज्युहरुलाई, नमस्कार**

आजको यो अनुगमन/ निरिक्षणको अवसरमा तपाईंको गरिमामय उपस्थितिले हामीलाई आफ्ना अनुभवहरू, चुनौतीहरू र विचारहरू साझा गर्ने दुर्लभ अवसर प्रदान गरिदिनु भएकोमा यस अवसरप्रति हामी गहिरो सम्मान व्यक्त गर्दछौं। विशेषतः मुख्य महान्यायाधिवक्ताज्यूको उपस्थिति कानुनी दृष्टिकोणबाट हाम्रो अवस्थालाई बुझ्न र सम्बोधन गर्न अत्यन्तै महत्त्वपूर्ण छ। आजको यो अवसरलाई गम्भीरतापूर्वक लिँदै हामी केही महत्वपूर्ण विषयहरू राख्न चाहन्छौं, जसले हाम्रो जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन सक्नेछ। हामी आशा गछौं कि तपाईंको सुझाब र मार्गदर्शनले हामीलाई अझ सशक्त र अनुशासित जीवनयापनतर्फ प्रेरित गर्नेछ।

हामी नेपालको सविधान, फौजदारी कार्यविधि संहिता, २०७४, र कारागार ऐन, २०१९ अन्तर्गत निर्धारित कानुनी प्रक्रिया अनुसार यहाँ रहेका छौं र आन्तरिक व्यवस्थापनअनुसार दैनिक जीवन बिताइरहेका छौं। यहाँको प्रशासनिक संयन्त्रले हाम्रो आवश्यकताहरू बुझ्दै निरन्तर समन्वय र समाधानको प्रयास गरिरहेको छ। सुरक्षाको दृष्टिकोणले पनि यहाँको व्यवस्था सन्तोषजनक छ, जसले हामीलाई सुरक्षित वातावरणमा रहन सहयोग पुऱ्याएको छ।

- नेपाल सरकारबाट प्रदान हुँदै आएको कैदकट्टा माफीमिनाहा विभिन्न दिवसको अवसरमा नमागिएको कारण कैदकट्टा माफीमिनाहा पाउने समय पुगेर पनि कागजात पठाउन नपाएको हूँदा कैदी बन्दीमा नैराश्यता तथा विचलन आएको अवस्था छ। सर्वोच्च अदालतको 2082/03/10 मा भएको फैसलाले असल चालचलन भएको कैदिबन्दीलाई सधा झै माफि मिनाह दिनु वा निरन्तर गर्नु भनि आदेश भएको हुदाँ हुदै हालसम्म पनी उक्त आदेश कार्यन्वयन नभएको हुदा लामो समय देखि रोकिएको माफि मिनाह यो पल्ट पनी नआउने हो कि भन्ने विषयले सिंगों कारागारको कैदीबन्दीलाई नै निराशाजनक वातावरण सिर्जना भएको छ। उक्त सुविधा आए सबै कैदीवन्दीलाई निकै ठुलो राहत पुग्ने थियो।
- फौजदारी न्यायको आधुनिक सिद्धान्त केवल दण्ड दिनु मात्र नभई कसुरदारलाई सुधार गर्ने र समाजमा पुनस्थापना गर्ने समेत हो। जबरजस्ती करणी जस्ता नकारात्मक सूची मा रहेका गम्भीर मुद्दाहरूमा हाल कुनै पनि कैद छुटको व्यवस्था नहुँदा, कारागारभित्र आफ्नो आचरणमा पूर्ण सुधार ल्याएका कैदीहरूमा समेत चरम नैराश्यता छाएको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ झै आफ्नो कुल कैदमा अन्तिम १ वर्ष मात्र कैद बाँकी रहेका कैदीहरूको हकमा प्रतिदिन रु.३०० रुपैयाँका दरले कैद किन्ने कानुनी ढोका खोलिने व्यवस्था आए यस्तो व्यवस्थाले एकातिर राज्यको कारागार व्यवस्थापनमा रहेको अत्यधिक चाप र आर्थिक भारलाई कम गर्नेछ भने अर्कोतिर लामो समयदेखि अभिभावकविहीन भई बिचल्लीमा परेका निजका परिवार र आश्रित बालबालिकाहरूको भविष्य संरक्षणमा समेत ठूलो मानवीय राहत पुग्ने थियो।
- मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ (१) मा कुनै कसुरदारले आफूले गरेको कसुर स्वीकार गरी सो सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा गिरोहलाई पक्राउ गर्न वा अनुसन्धान र अभियोजन पक्षलाई सहयोग पुऱ्याएमा कानुनबमोजिम हुने सजायमा बढीमा ५० प्रतिशतसम्म छुट दिन सकिने स्पष्ट व्यवस्था छ। सोही दफाको उपदफा (३) ले अभियुक्तले कुन अवस्था र परिस्थितिमा कसुर स्वीकार गरेको हो, त्यसलाई समेत विचार गर्नुपर्ने निर्देश गरेको छ।तर, व्यवहारमा प्रतिवादीले अदालतमा उपस्थित भई साविती बयान दिई न्यायिक प्रक्रियामा पूर्ण सहयोग पुऱ्याउँदा पनि सरकारी वकिलबाट न्यून सजायको जिकिर नलिइने र सुरु अदालतले समेत उक्त दफाको मर्मलाई वास्ता नगर्ने परिपाटी कायम छ। सुरु अदालतमा जिकिर नभएको कारणले उच्च र सर्वोच्च अदालतसम्म पुग्दा पनि प्रतिवादीहरूले आफ्नो कानुनी अधिकारका रूपमा पाउनुपर्ने कैद छुट को सुविधाबाट वञ्चित हुनुपर्ने न्यायविपरितको अवस्था सिर्जना भएको छ। सुरुदेखि नै साविती बयान दिई अदालतलाई सहयोग

गर्ने प्रतिवादीहरूको हकमा सरकारी वकिलको जिकिर नभएकै आधारमा मात्र कानुनी सुविधाबाट वञ्चित नगर्न र उक्त दफाको मर्मअनुरूप न्यायपूर्ण सजाय छुटको व्यवस्था गरी कैदीबन्दीहरूलाई मानवीय राहत प्रदान गरिदिनु हुन यो विनम्र अनुरोध गर्दछौं ।

- प्रहरी हिरासतमा अभियुक्तलाई डर, त्रास र कुटपिट गरी निजले भने बमोजिमको विवरण उल्लेख नगरी वा पढ्न समेत नदिई जबर्जस्ती सहिछाप गराउने वर्तमान परिपाटी र अदालतले समेत त्यही मौकाको बयानलाई प्राथमिकता दिने प्रवृत्तिका कारण धैरै निर्दोष व्यक्तिहरू अन्यायपूर्ण कैद भोग्न बाध्य भएको हुँदा अनुसन्धानका क्रममा हुने बयानलाई अनिवार्य रूपमा वकिलको उपस्थितिमा वा भिडियो रेकर्डिङ मार्फत पारदर्शी बनाई सहिछाप गर्ने व्यवस्था भए वास्तविक न्याय सुनिश्चित हुने र निर्दोषले कैद भोग्नुपर्ने अवस्थाको अन्त्य हुने थियो।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ मा प्यारोलको स्पष्ट व्यवस्था भए तापनि, सवारी ज्यान मुद्दा जस्तो सकारात्मक सूचीमा पर्ने विषयमा 'ब्याक गरेर किचेको' जस्ता शब्दहरूलाई आधार बनाएर सुविधाबाट वञ्चित गरिनु न्यायसंगत देखिँदैन किनकि अदालतले कसूर ठहर गरिसकेपछि पुनः शब्दकोषका छिद्र खोजेर कैदीबन्दीलाई राज्यले दिने मानवीय सुविधा रोक्नु दोहोरो अन्याय र कानुनी भावना विपरितको कार्य हो। त्यसै गरेर श्रीमानले आफ्ने अधिकार प्रयोग गरेर राय दिएको मुद्धामा समेत हस्तक्षेप भएको देखिन्छ। श्रीमान्बाटै 'सजाय बढी भयो' भनी राय प्रदान गरिएको मुद्दामा समेत प्यारोल सुविधा नदिनु भनेको न्याय नभएर राज्यद्वारा गरिएको कानुनी शोषण हो
- कारागारलाई साँचो अर्थमा सुधारगृह बनाउनका लागि कैदीबन्दीहरूलाई समयसापेक्ष सीपमूलक तालिम जस्तैः कम्प्युटर, प्लम्बिङ, वायरिङ, हस्तकला, वा आधुनिक कृषि को व्यवस्था हुनु जरुरी छ। हाल कारागारभित्र गरिने श्रमको उचित र न्यायोचित पारिश्रमिक नपाउँदा कैदीबन्दीहरूले आफ्ना आश्रित परिवारलाई आर्थिक सहयोग गर्न सकिरहेका छैनन्। सुधारगृहबाट निस्केपछि समाजमा पुनर्मिलन हुन सहज होस् भन्नका लागि ठोस रोजगारमुखी कार्यक्रम र उचित पारिश्रमिक भए हामी कैदीवन्दीलाई निकै रहात हुने थियो।
- कारागारमा रहेका धेरै कैदीबन्दीहरू आर्थिक विपन्नताका कारण आफ्नै कानुन व्यवसायी राख्न असमर्थ छन्। जिल्ला र उच्च अदालतका वैतिनक वकिलहरुबाट राम्रो सेवा उपलब्ध भएता पनी सर्वोच्च अदालतको वैतनिक वकिलको सेवा प्रभावकारी र पहुँचयोग्य नहुँदा धेरैको पुनरावेदन गर्ने म्याद गुज्रिने वा आफ्नो आफ्नो मुद्दा कुन अवस्थामा छ भन्ने सम्मको जानकारी नपाएको अवस्था छ।
- क्षमताभन्दा दोब्बर-तेब्बर बढी कैदीबन्दीहरू एकै ठाउँमा कोचिएर बस्नुपर्दा सुत्न, बस्न र न्यूनतम मानवअधिकारको उपभोग गर्न समेत कठिन भएको छ। कारागारको भौतिक पूर्वाधार सुधार र क्षमता विस्तारमा तत्काल ध्यान दिइयोस् भनी विनम्र अनुरोध गर्दछु।
- बजारमा महँगी आकाशिएको वर्तमान अवस्थामा कैदीबन्दीले पाउँदै आएको दैनिक सिदा राशन र नगद अत्यन्तै न्यून छ। यसले गर्दा सन्तुलित र पोसिलो खाना खान पाउने अधिकार कुण्ठित भएकाले बजार मूल्य अनुसार सिदा भत्ता तत्काल वृद्धि गरियोस् भनी विनम्र अनुरोध गर्दछु।
- कारागारभित्र शुद्ध पिउने पानीको अभाव र शौचालयको दयनीय अवस्थाका कारण विभिन्न सरुवा रोग तथा छालाको संक्रमण फैलिने गरेको छ। प्रत्येक ब्लकमा शुद्ध फिल्टर गरिएको पानी र थप शौचालयको व्यवस्था गरियोस् भनी विनम्र अनुरोध गर्दछु।
- टाढा-टाढा घर भएका वा गरिबीका कारण कारागारसम्म आउन नसक्ने परिवारका सदस्यहरूसँग भेटघाट गराउन महिनामा कम्तीमा २ पटक प्रविधिको प्रयोग भिडियो कल मार्फत सुरक्षित रूपमा कुराकानी गर्ने व्यवस्था मिलाइयोस् भनी विनम्र अनुरोध गर्दछु।

- कतिपय अवस्थामा अभियुक्तहरू पुर्पक्ष का लागि वर्षौंसम्म थुनामा बस्छन् तर पछि अदालतबाट अन्तिम फैसला हुँदा तोकिएको सजायभन्दा बढी समय निजले थुनामा बिताइसकेको देखिन्छ । यस्तो अवस्थामा बढी बसेको अवधिको न्यायिक क्षतिपूर्ति दिने वा अन्य मुद्दाको सजायमा मिलान गर्ने स्पष्ट कानुनी व्यवस्था वा निर्देशिका जारी गरियोस् भनी विनम्र अनुरोध गर्दछु ।
- अपराधको प्रकृति जस्तोसुकै भए पनि कारागारभित्र आएपछि जसको चालचलनमा १००% सुधार आएको छ, उसलाई नकारात्मक सूचीको बहानामा सजाय छुटबाट पूर्णतः बञ्चित गरिनु न्यायसंगत छैन । कानुनमा अपराधलाई होइन, अपराधीलाई सुधार्ने प्रावधान बलियो बनाइयोस् भनी विनम्र अनुरोध गर्दछु ।
- कारागार ऐन, २०७९ मा खुला कारागार र सामुदायिक सेवा मा पठाउन सकिने क्रान्तिकारी कानुनी व्यवस्था भए तापनि व्यवहारिक रूपमा यो अझै लागू हुन सकेको छैन । योग्य कैदीहरूले यो सुविधा पाए कारागारको चापमा निकै राहत हुने थियो
- कारागारभित्र रहेका कैदीबन्दीहरूलाई आफ्नो मुद्दाको पेसी, तारेख र फैसलाको अवस्थाबारे तत्काल र प्रत्यक्ष जानकारी पाउन निकै कठिन भइरहेको छ । सूचनाको हक र न्यायिक पारदर्शिता सुनिश्चित गर्नका लागि प्रविधिमैत्री बन्दी वडापत्र को स्थापना भए अदालतको अनलाइन पेसी/फैसला प्रणाली सँग जोडिन सकिने थियो । यसका लागी एक Smart TV को व्यवस्था भए कैदीबन्दीहरूले आफ्नै आँखाले आफ्नो मुद्दाको अवस्था हेर्ने र बुझ्ने थियो ।
- जेन्जी आन्दोलनको कारण तिनै निकायको फैसला सर्वोच्च अदालतमा जलेको कारण हाल प्यारोलको लागी माप दण्ड पुगेको सकारात्मक सुचीमा पर्ने मुद्दाको कैदीहरुले कुन प्रक्रियाबाट राज्यले दिएको प्यारोल सुविधा उपभोग गर्ने भनी अन्योलमा परेको अवस्था छ ।
- आजिवन कारावास भएको मुद्धामा त्यो कैदी पेशेवार हो वा परिस्थितिजन्य अपराध हो यसको विचार गरी यदि कारागार जिवनयापन गर्ने क्रममा त्यो कैदीहरुको चालचलनमा सुधार आएमा उक्त कैदीहरुको हकमा पनि माफि मिनाह पाए उक्त कैदीले बाच्ने सम्म अधार पाउने थियो
- हामी, इलाम कारागार कार्यालयका सम्पूर्ण कैदीबन्दी, २०८२ सालको भदौ २३ गतेको आन्दोलनको समयमा, हामी सबै कैदीबन्दीहरू आफ्नो कर्तव्य र इमानदारीको पालन गर्दै, कारागार भित्र शान्त वातावरण सिर्जना गरी कारागारमा बसी रहेर कानून र संविधानको सम्मान गरेका छौं। हामीलाई विश्वास थियो कि हाम्रो इमानदारीको सही मूल्याङ्कन हुनेछ तर, हाम्रो मूल्याङ्कन र सम्मानको हाल सम्म पनी कुनै कदर भएको देखिँएन ।भागेको कैदी बन्दीको सुविधा चै बञ्चित गरियो तर इमान्दार र असल नियतले बसी शान्त वातावरण सिर्जना गरेको कैदी बन्दीलाई भने वेवास्त गरियो । आजको विशेष निरीक्षण अवसरमा हामीले यो समस्या राख्न पाउदाँ हामीलाई विश्वास छ कि जेल विद्रोह वा आन्दोलनका बखत कारागार छोडेर नभाग्ने अनुशासित कैदीबन्दीहरूको कैद सजायमा २५ प्रतिशत छुट दिई सोही अनुसार कैदीपुर्जी समेत संशोधन गरिनेछ । तर राज्यबाट यो सुविधा उपलब्ध नभएमा यो अन्यायपूर्ण, अनुचित र अत्यन्तै निराशाजनक हुनेछ। सबै प्रकृतिको मुद्धालाई २५ प्रतिशत सजाय छुट भई कैदीपुर्जि संशोधन भएमा हामी आगामी दिनमा अझै कर्तव्यनिष्ठ र समाजको इमानदार नागरिक बन्नेछौं ।

अन्त्यमा आजसम्म हामीले भोगेका अधिकांश कठिनाइहरू यथावत् छन्। विगतमा हामीले बारम्बार उठाएका विषयहरू अझै पनि प्राथमिकतामा परेको देखिँदैन। केही प्रयासहरू भए पनि, ती अल्पकालीन र सीमित दायरामा मात्र सीमित छन् । हामी विश्वास गर्छौं कि महान्यायाधिवक्ताज्यूको सक्रिय पहल र निर्देशनमा यी विषयहरूलाई अब गम्भीरतापूर्वक सम्बोधन गरिनेछ। कानुन केवल कागजमा सीमित नहोस्, व्यवहारमा पनि त्यसको प्रभाव देखियोस् भन्ने हाम्रो चाहना हो।

मिति २०८३/०१/१७ गते

**झापा कारागारका कैदी बन्दीका तर्फबाट राखिएका समस्याहरु**

१.नेपाल सरकारले केही निश्चित मुद्दाका कैदीहरुको आचरणका आधारमा ४० प्रतिशत र ५० प्रतिशत कैद भुक्तान भएपछि बाँकी कैद माफी मिनाहा तथा कैद छोट्याइ कैद मुक्त गर्न सक्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा २७६ मा उक्त संवैधानिक व्यवस्था छ। त्यसैगरी कारागार ऐन २०१९, कारागार नियमवली २०२० , फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४ को दफा ३७ ले समेत असल चालचलन भएका कानुनले कैद कट्टा तथा माफी मिनाहा दिन सकिने भनि उल्लेख गरेका मुद्दाका कैदीहरुको कैद छोट्याउन सकिने स्पष्ट कानुनी व्यवस्था गरेको छ। मिति २०८०/०७/१६ गते सर्वोच्च अदालतको एउटा फैसलाको कारण नेपाल सरकारले कैद कट्टा तथा माफी मिनाहा दिन नै बन्द गर्यो। त्यसको कही समय पछि अत्यन्तै झन्जटिलो प्रक्रिया अपनाएर आवेदन माग गरियो। घटनाको पीडितको समेत सहमति लिनुपर्ने अत्यन्तै अवैज्ञानिक र जटिल प्रक्रिया अवलम्बन गर्नुपर्ने उक्त प्रक्रिया समेत पुरा गरी आवेदन गर्नुपर्ने नयाँ प्रावधान ल्याइयो उक्त झन्जटिलो प्रक्रिया समेत पुरा गरि आवेदन गरेका हजारौं कैदीबन्दीहरुको कैद छुट तथा माफी मिनाहाका सन्दर्भमा नेपाल सरकारले कुनै निर्णय नगरिदिएका कारण वर्षौं अघि कैद मुक्त हुनु पर्ने कैदीहरु समेत कारागारमै रहि रहनुपर्ने दुखद परिस्थिति निर्माण भएको छ। यस्ले कैदी बन्दीहरुमा निराशा बढेको छ। डिप्रेशनको शिकार हुन थालेका छन्। कैदी बन्दीहरुमा बढेको यो निराशाले भविष्य प्रतिको आशा क्रमशः धमिलो हुँदै गएको छ। कारागारलाई सुधार गृहका रुपमा विकाश गर्ने नेपाल सरकारको भनाई धुमिल हुँदै गएको छ। मिति २०८२ साल असार १० गते सर्वोच्च अदालतको वृहत पुर्ण इजलासले कैद कट्टा तथा माफी मिनाहाको सन्दर्भमा गरेको आदेशले केही सकारात्मक संकेतहरु आएको भएपनि आजसम्म कार्यान्वयनमा आएको छैन। कैदीबन्दीहरुले प्राप्त गर्न सक्ने सुविधाका सन्दर्भमा केही सकारात्मक रहेको उक्त फैसला राज्यले आज सम्म पनि कार्यान्वयन गरेको छैन। यस्ले कैदीबन्दीहरुलाई थप निरास बनाएको छ , भविष्यप्रतिको आशा धमिलो हुँदै गएको छ।

२.कैदीबन्दीहरुले दैनिक सिधाका रुपमा नगद ८० रुपैयाँ र ७०० ग्राम चामल प्राप्त भईरहेको छ । ७०० ग्राम चामलले २ छाक टार्न सकिन्छ तर नगद ८० रुपैयाँले अहिलेको यो महँगीमा कसरी टार्ने ? नगद ८० रुपैयाँले दाल, तरकारी, नुन, तेल, सरसफाईका लागि साबुन, टुथपेष्ट, ब्रस कसरी पुर्याउनु ? अत्यन्तै कारुणीक र दयनिय अवस्था रहेको छ । यसतर्फ राज्यको ध्यान जान जरुरी छ ।

३. जबरजस्ती करणी मुद्धामा अधिकांश अभियोग भ्रुट्टा हुन्छन तर पिडित भनिएको पक्षको मात्र कुरा सुनिदिने परिपाटीका कारण जेल भरिएका छन । स्वास्थ्य परिक्षण प्रतिवेदनलाई समेत प्रमाणका रुपमा ग्रहण गरिदैन । स्वास्थ्य परिक्षणलाई गलत ढङ्गले निरपराधीलाई समेत अपराध करार गर्ने गरि गलत व्याख्या गरिन्छ । एउटै पीडित भनिएकी महिलाले पटक पटक फरक फरक मानिसलाई जवरजस्ती करणीको अभियोग लगाउने, पैसाको बार्गेनिङ्ग गर्ने र पैसा बुझाउन नसक्नेलाई जेल हाल्ने प्रचलन बढेको छ । प्रेम विवाह गरेका तर धर्म, जात, वर्ग नमिलेका कारण युवालाई जवरजस्ती करणी मुद्दा लगाइदिने र जेल पठाउने गरिएको छ र तिनलाई लामो कैद सजाय तोकिएको छ । यतिसम्मकी जसलाई जवरजस्ती करणी गरेको भनेर जेल हालिएको छ । ति महिला स्वयम् जेल जिवन बिताइरहेका कैदीको श्रीमती भएर घरमा बसिरहेको अवस्था समेत छ । उनका सन्तान पनि छन तर जात, धर्म, वर्ग नमिलेकै कारण युवा जेलमा छन । आफ्नो राजि खुसिले परिवारको अनुमति नलिई विवाह गरेका युवायुवतीलाई अलग गरि युवालाई जवरजस्ती करणीको संगीन मुद्दा चलाउने र चर्को सजाय गर्ने गरिएको छ । बालविवाह गरेका युवाहरुलाई जबरजस्ती करणीको संगीन मुद्दा चलाइन्छ । विवाहको फोटो लाई समेत प्रमाणमा ग्रहण गर्न अस्वीकार गरिन्छ र जवरजस्ती करणीको चर्को सजायको भागिदार बनाइन्छ । केही कुरामा अन्तर विरोध हुने वित्तिकै जवरजस्ती करणी जस्तो गम्भीर अपराधको आरोपमा जेल पठाउने सामाजिक रोग बनेको छ तर सजाय अत्यन्तै कठोर र निर्मम गरिन्छ ।

४. लागु औषध मुद्दाका अधिकांश थुनुवालाई लागु औषध बेचविखनको मुद्दा चलाइन्छ । जब की उ लागु औषध प्रयोगकर्ता मात्र हुन्छ । अत्यन्त न्युन परिमाणको लागु औषध बरामद हुँदा समेत बेचविखनको मुद्दा चलाए कै कारण गरेको अपराध भन्दा चर्को सजाय भोग्नु परेको छ ।

५. हाम्रो सन्दर्भमा मुद्दाको अनुसन्धान प्रकृया नै गलत धरातलबाट शुरु गरिएको छ र गलत अभियोजन गरिन्छ। पहिले सुन्ने र पछि थुन्ने भनिन्छ तर व्यवहारमा पहिले थुन्ने र पछि सुन्ने गरिन्छ। कसैलाई कुनै अभियोगमा उजुरि पर्ने वित्तिकै राज्यले उसलाई अपराधीको व्यवहार गर्दछ। अनुसन्धान गर्दा उसलाई कसरी अपराधी करार गर्ने र बढी भन्दा बढी सजाय गराउने भनेर अनुसन्धान प्रारम्भ गरिन्छ। मुद्दाका सवै पक्षको अध्ययन गरिदैन। उजुरिलाई नै मुख्य प्रमाणका रुपमा ग्रहण गरिन्छ। बढाइ, चढाइ र झुट, मुट सहितको शब्द जाल बुनिन्छ र खतरनाक अपराधिका रुपमा प्रस्तुत गर्दै अभियोजन गरिन्छ जसका कारण न्याय प्रतिको विश्वास डगमगाउन थालेको छ।

६. अहिले पछिल्लो समय लागु औषध सहित केही मुद्दामा राज्यले प्यारोल सुविधा उपलब्ध गराएको छ। जसका कारण समाजमा सामाजिकीकरण हुन मद्दत पुगेको छ। निश्चीत समय कैद भुक्तान गरि सके पछि बाकी कैद आफ्नो घर समाजमा बसेर भुक्तान गर्न सक्ने यो प्रावधान व्यवहारीक समेत छ। यो सुविधा जवरजस्तीकरणी सहीतका अन्य मुद्दाका कैदी बन्दीलाई समेत उपलब्ध गराइएमा उनिहरुलाई समेत सामाजिकीकरण हुन मद्दत पुग्नेछ भने राज्यको ठुलो आर्थिक भार समेत बच्नेछ। जसलाई देश विकास परियोजनामा लगानी गरि समृद्ध नेपाल सुखि नेपालीको कल्पनालाई साकार पार्न सकिन्छ।

७. मुद्दामा पुनरावेदन परे नपरेको जानकारी माग गर्दा सरकारी वकिल कार्यालयबाट लामो समयसम्म पनि जानकारी प्राप्त नहुने भएको कारण समस्या भएको छ। मुद्दाको अन्तिम किनारा लागेको प्रमाण विना प्यारोल सुविधा सहित कैद छुट तथा कामदारी सुविधा नपाउने भएको कारण समस्या भएको छ।

८. एउटै घटनालाई फरक फरक प्रकृतिको मुद्दा बनाई अभियोजन गरिन्छ। दुबै मुद्दाको फैसला एकै दिन एकै इजलासबाट हुन्छ तर मुद्दा हद गरिन्दैन। एउटै अभियोजनबाट दुई आरोपमा आरोपित गर्दै चलाइएको मुद्दामा समेत कैद हद गरिएको छैन। यस्ले अन्याय पर्न गएको छ। एकै वारदातलाई एकै समयमा फरक फरक जिल्लामा एकै प्रकृतिको मुद्दा अभियोजन गरिन्छ। फरक फरक सजाय गरिन्छ तर मुद्दा हद गरिन्दैन जसको कारण गरेको अपराध भन्दा लामो समय कारागार बस्नु पर्ने बाध्यता छ। यसले अन्याय परेको छ।

# थुनुवाको हक तथा कर्तव्य

## थुनुवाको हक

- पक्राउ पर्नुको कारण तथा आफूमाथि लागेको कसूरको जानकारी पाउने हक ।
- आफ्नो रोजाइको कानून व्यवसायीसँग कानूनी परामर्श तथा प्रतिरक्षा गराउन पाउने हक ।
- असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक ।
- पक्राउ परेपछि बाटोको म्याद बाहेक कानूनले तोकेको अवधि (२४ घण्टा) भित्र तोकिएको मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन पाउने हक ।
- आफूविरुद्ध जबरजस्ती बयान वा स्वीकारोक्ति दिन बाध्य नपारिने हक ।
- निष्पक्ष, स्वच्छ र कानून बमोजिम न्यायिक प्रक्रिया प्राप्त गर्ने हक ।
- मानव मर्यादासहित सम्मानजनक व्यवहार पाउने तथा यातना, क्रुर, अमानवीय वा अपमानजनक व्यवहारबाट सुरक्षित रहने हक ।
- आफ्नो स्वास्थ्य उपचार तथा आवश्यक औषधोपचार पाउने हक ।
- परिवार वा आफन्तलाई पक्राउ तथा थुनामा रहेको जानकारी गराइने हक ।
- कानून बमोजिम धरौटी, साधारण तारेख वा अन्य वैकल्पिक व्यवस्थाको माग गर्न पाउने हक (लागू हुने अवस्थामा) ।
- कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय भोग्नु नपर्ने हक ।
- कसूर प्रमाणित नभएसम्म कसुरदार नमानिने र तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत सजायभागी हुनु नपर्ने ।
- आफ्ना विरुद्ध साक्षी हुन बाध्य नपारिने हक ।
- आफ्ना विरुद्ध गरिने कार्वाहिको जानकारी पाउने हक ।
- कसूर स्वीकार गरी बयान गरे, प्रमाण संकलनमा सहयोग गरे सजायमा ५०% सम्म छुट पाउने ।
- दोभाषेको सुविधा पाउने हक ।

## थुनुवाको कर्तव्य

- अदालत तथा सम्बन्धित निकायको वैध आदेशको पालना गर्ने ।
- अनुसन्धान तथा न्यायिक प्रक्रियामा कानून बमोजिम सहयोग गर्ने ।
- सत्य तथा यथार्थ विवरण उपलब्ध गराउने ।
- अदालत तथा हिरासतको शान्ति, सुरक्षा र अनुशासन कायम राख्ने ।
- सरकारी सम्पत्ति तथा अभिलेखको संरक्षण गर्ने ।
- अन्य थुनुवा, कर्मचारी तथा सेवाग्राहीप्रति शिष्ट र मर्यादित व्यवहार गर्ने ।
- कानून बमोजिम तोकिएका नियम तथा निर्देशनको पालना गर्ने ।

**कानून सबैका लागि समान छ, आफ्नो हकको प्रयोग गर्नुहोस् र आफ्नो कर्तव्यको पालना गर्नुहोस् ।**


०२१-५७०६२८, ५७०९०७

chiefattorney.province1@gmail.com

cao.koshi.gov.np

मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश